
# लेखापरीक्षण प्रतिवेदन

# खिजीदेम्वा गाउँपालिका, ओखलढुंगा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# खिजीदेम्वा गाउँपालिका, ओखलढुंगा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-५

च.न.:FAR/2080-81/LOC/15

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
खिजीदेम्वा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
ओखलढुंगा।

## कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ७ करोड ६४ लाख १५ हजार, स्थानिय तह प्रशासनिक भवन पूर्वाधार विकास कार्यक्रमको रु.१९ लाख ९८ हजार, राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजनाको रु.६ लाख ८० हजार, र एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.७ लाख ४५ हजार

समेत गरी रु.७ करोड ९८ लाख ३८ हजार समावेश गरेको छैन। त्यसै गरी कोष तथा लेखा नियन्त्रक कार्यालय, ओखलढुङ्गामा पालिकाको खातामा रहेको धरौटी मौज्दात रु. ३४ लाख ८१ हजार र राजश्व आम्दानी रु. ४ लाख ५८ हजार समेत सुत्रमा समावेश भएको छैन ।

२. गाउँपालिकाको रु.८१ करोड ८१ लाख, ९७ हजार लेखापरीक्षण गरिएकोमा रू. १ करोड ६३ लाख ६१ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. २ लाख ४३ हजारको प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू. ४ लाख ८९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २० लाख ८२ हजार र नियमित गर्नुपर्ने रु.१ करोड ३७ लाख ९० हजार रहेको छ। गत वर्षसम्म रु.७ करोड १८ लाख ६२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ८ करोड ८२ लाख २३ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने खिजीदेम्वा गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी खिजीदेम्वा गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७९ | ९८ | १,६६,०३,९०९ | ० | ४७ | २,४३,०६१ | ० | ७९ | ५१ | १,६३,६०,८४८ | ४,८९,१९२ | १,३७,९०,०७४ | २०,८१,५८२ | ० | ० | १,५८,७१,६५६ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ओखलढुंगा | ७,१८,६२,००० | ० | ० | ७,१८,६२,००० | ० | १,६३,६०,८४८ | ८,८२,२२,८४८ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ५१ | होटलबास खर्च | २२,३२० |
| २ | २०८०/८१ | ६६.१-६६.४ | विद्यालय अनुगमन | ८४,५६७ |
| ३ | २०८०/८१ | ९९ | राजस्व दाखिला | १८,७२४ |
| ४ | २०८०/८१ | ४९ | बढी भ्रमण खर्च दर | ५,२५० |
| ५ | २०८०/८१ | ५८ | बढी भुक्तानी | १५,०७९ |
| ६ | २०८०/८१ | ६५ | बढी निकासा | १,५०० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८०/८१ | ५६ | प्रशिक्षण खर्च | २१,००० |
| ८ | २०८०/८१ | ४८ | दोहोरो भ्रमण तथा भत्ता खर्च | ३४,७५० |
| ९ | २०८०/८१ | ५४ | दोहोरो बैठक भत्ता | १७,००० |
| १० | २०८०/८१ | ५२ | दोहोरो खर्च | ७,५८६ |
| ११ | २०८०/८१ | ६७.२ | दिवा खाजा | ८,२६५ |
| १२ | २०८०/८१ | ५३ | कार्यालय समयमा बैठक भत्ता भुक्तानी | ५,१०० |
| १३ | २०८०/८१ | ६० | कर कट्टी | १,९२० |
| जम्मा | | | | २,४३,०६१ |

# (८०११०५०१३०० - खिजीदेम्वा गाउँपालिका, ओखलढुंगा )

## परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकाको वडा संख्या ९, सभा सदस्य ४९, क्षेत्रफल १७९.७७ वर्ग कि.मी. र जनसंख्या १५ हजार ८७८ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हो।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१३ देखि २०८०।५।१८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. ८१,८१,९७,१५२.४२ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृतत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.३७,२३,०१४।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | सभा सञ्चालनमा पदाधिकारी बैठक भत्ता भुक्तानी गर्दा बढी भुक्तानी भएको रकम २०८१।५।१६ मा असुल भएर पालिकाको आन्तरिक राजस्व खातामा जम्मा भएको . | २२४५० |
| २ | पदाधिकारी आन्तरिक भ्रमण खर्च, पदाधिकारी तथा कर्मचारी दोहोरो भ्रमण खर्च, अग्रिम कर र पदाधिकारी यातायात वापत दोहोरो सुविधा, स्थानीय भत्ता वढी भुक्तानी, भ्रमण अवधिको होटेलवास खर्च, वढी दरले भ्रमण खर्च, सरुवा भ्रमण खर्च र दोहोरो र कार्यालय समयमा वैठक भत्ता असुल भै २०८१।६।६, ७ र ९ मा स्थानीय सञ्चितकोष दाखिला भएको । | ३४१३१५ |
| ३ | सशर्त अनुदानवाट सापटी लिएको रकम २०८१।६।९ मा संघीय सञ्चित कोषको वेरुजु खातामा दाखिला भएको । | ३३५९२४९ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय विवरण**

२.१ **प्राप्ति भुक्तानी हिसाब -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम खिजिदेम्बा गाउँपालिका, ओखलढुंगाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०८०।८१ मा प्राप्ती र भुक्तानी हिसाबको समग्र संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ ।

| क्र.स./ आर्थिकसङ्केत | विवरण | टिप्पणी नं | नगद | तेस्रो पक्षभुक्तानी (सोझै भुक्तानी) | जम्मा |
|---|---|---|---|---|---|
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | | ७,१३,९०,८४०.२४ | ० | ७,१३,९०,८४०.२४ |
| १३००० | अनुदान | | २७,४५,३८,१७०.०० | ० | २७,४५,३८,१७०.०० |
| १४००० | अन्य राजस्व | | ५६,१७,९०५.६६ | ० | ५६,१७,९०५.६६ |
| १५००० | विविधप्राप्ति | | ५१,७५२.०० | ० | ५१,७५२.०० |
| | **कुल जम्मा प्राप्ति** | | ३५,१५,९८,६६७.९० | | ३५,१५,९८,६६७.९० |
| ३ | चालु | | २४,८४,३३,२९४.०० | ० | २४,८४,३३,२९४.०० |
| २१००० | पारिश्रमिक / सुविधा | | १४,७३,१२,६६४.०० | ० | १४,७३,१२,६६४.०० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ८,४५,९७,०३३.०० | ० | ८,४५,९७,०३३.०० |
| २५००० | सहायता (Subsidy) | | ० | ० | ० |
| २७००० | सामाजिकसुरक्षा | | ४५,७४,२९७.०० | ० | ४५,७४,२९७.०० |
| २८००० | अन्यखर्च | | १,१९,४९,३००.०० | ० | १,१९,४९,३००.०० |
| | पूंजीगत | | १०,५२,७७,४४८.०० | ० | १०,५२,७७,४४८.०० |
| ३१११० | भवनतथा संरचना | | ४,१५,२३,२००.०० | ० | ४,१५,२३,२००.०० |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ७५,८३,८०१.०० | ० | ७५,८३,८०१.०० |
| ३११३० | अन्यपूँजीगत खर्च | | ० | ० | ० |
| ३११५० | सार्वजनिकनिर्माण | | ५,५७,६५,४४७.०० | ० | ५,५७,६५,४४७.०० |
| ३११६० | निर्मित संरचनाको सुधार खर्च | | ४,०५,०००.०० | ० | ४,०५,०००.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | | ३५,३७,१०,७४२.०० | | ३५,३७,१०,७४२.०० |
| ग) | **बचत /कमी (ग = क-ख )** | | (२१,१२,०७४.१०) | | (२१,१२,०७४.१०) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | | ३३,९४,७०८.८४ | | ३३,९४,७०८.८४ |
| ङ) | **यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | | १२,८२,६३४.७४ | | १२,८२,६३४.७४ |
| च) | **गतआ.व.को नगद तथा बैंक मौज्दात** | | १,४६,०३,७७८.४४ | | १,४६,०३,७७८.४४ |

| | | | | | |
|---|---|---|---|---|---|
| छ) | **विनिमयनाफा/घाटा तथा अन्य समायोजन** | | | | |
| ज) | **आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | १,५८,८६,४१३.१८ | | १,५८,८६,४१३.१८ |

यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेको छ ।

२.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) प्रयोगमा रहेको छ। स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ७,६४,१४,७५१।७२ स्थानिय तह प्रशासनिक भवन पूर्वाधार विकास कार्यक्रमको रु.१९,९७,९४०।००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ७,४५,०००।०० र राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजनाको रु. ६,८०,०००।०० समेत गरी रु. ७,९८,३७,६९१।७२ सुत्रमा लेखाङ्कन गरेको छैन । त्यसै गरी कोष तथा लेखा नियन्त्रक कार्यालय, ओखलढुङ्गामा पालिकाको खातामा रहेको धरौटी मौज्दात रु. ३४,८१,३९०।०० र राजश्व आम्दानी रु. ४,५७,८५४।०० समेत सुत्रमा समावेश भएको छैन । उल्लिखित अवस्थाले पालिकाले तयार गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) ले पालिकाको समग्र आर्थिक कारोवारको यथार्थ अवस्था चित्रण गरेको छैन । पालिकामा भएको सबै आर्थिक कारोबार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र)मा लेखाङ्कन भई प्रतिवेदन हुने गरी व्यवस्था गर्नुपर्दछ ।

२.३ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । वर्षान्तमा पालिकाको वैंक नगदी कितावको अन्तिम मौज्दात भन्दा वैंक खातामामा देहायअनुसार रु. १८७२३.५४ घटी देखिन्छ । पालिकाले वडा न ४ ले रु. २००।८४ र वडा न ७ ले रु. १८५२२।७० समेत कुल रु. १८७२३।५४ राजश्व नगद बाँकी रही वैक दाखिला गर्न बाँकी देखिएको छ ।

| **खाताको प्रकार** | **श्रेस्ता अनुसारबाकी रु** | **बैंक अनुसार बाकी रु** | **फरक** |
|---|---|---|---|
| ग १.१, आन्तरिक राजस्व खाता | १८७२३.५४ | ० | (१८७२३.५४) |
| ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०.०० | ०.०० | ०.०० |
| ग १.३, आन्तरिक अनुदान खाता | ०.०० | ०.०० | ०.०० |
| ग २.२, चालू खर्च खाता- जोर वर्ष | ०.०० | ७७९९९.७४ | ७७९९९.७४ |
| ग २.४, पुंजीगत खर्च खाता- जोर वर्ष | ०.०० | ४८५३९५२.०० | ४८५३९५२.०० |
| ग २.७, विविध खर्च खाता | १७८१५९९.६८ | २१६२६०१.८२ | ३८१००२.१४ |
| ग ३.१, स्थानीय तह धरौटी खाता | ६७०११८१.०० | ६७०११८१.०० | ०.०० |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ६७५६५१३.९६ | १४४३५६०.०८ | (५३१२९५३.८८) |
| ग ५.१, स्थानीय तह विविध कोष खाता | ५३२४२३.०० | ५३२४२३.०० | ०.०० |
| ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ०.०० | ०.०० | ०.०० |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ९५९७२.०० | ९५९७२.०० | ०.०० |
| **जम्मा** | **१५८८६४१३.१८** | **१५८६७६८९.६४** | **(१८७२३.५४)** |

३ **कोषहरुको अभिलेख**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा पालिका अन्तर्गतका अस्पताल, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रहरुमा रहेका कोष तथा साविक गाउँपालिकाका खाताहरुमा रहेको सबै मौज्दात एकीकृत गरी अभिलेख राखेको छैन । पालिकाले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरुको अभिलेख अद्यावधिक गरि पालिकाको वास्तविक सम्पत्तीको अभिलेख पेश हुनुपर्दछ ।

४ **अनुदान फिर्ता**

विनियोजन ऐन, २०८० को दफा ४(१२) अनुसार संघीय सरकारबाट वित्तीय हस्तान्तरण भएका सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी कोशी प्रदेश विनियोजन ऐन, २०८० को दफा ४(१०) अनुसार प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भएका सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष संघीय सरकारबाट वित्तीय हस्तान्तरण भएका समानिकरण अनुदान बाहेकको अनुदानतर्फको खर्च नभई बचत भएको रु. १,९६,०५,५९२।०० संघीय सञ्चित कोषमा २०८१।३।३० मा फिर्ता गरेको छ । त्यस्तै प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भएका समानिकरण अनुदान बाहेकको अनुदानतर्फको खर्च नभई बचत भएको रु. ४२,३५,२३८।०० प्रदेश सञ्चित कोषमा मिति २०८१।३।३० मा फिर्ता गरेको छ ।

५ **सर्शतअनुदानबाट सापटी** (१९७/२०८१-३-२४):

विनियोजन ऐन, २०८० को दफा ४(१२) अनुसार संघीय सरकारबाट वित्तीय हस्तान्तरण भएका सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघिय संचित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको रकममध्ये आर्थिक बर्ष भित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदानको रकम आर्थिक बर्ष भित्र फिर्ता गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले संघिय सशर्त अनुदान अन्तर्गतका देहायका कार्यक्रमहरुबाट रु. ३३,५९,२४९।०० आन्तरिक श्रोत तथा राजश्व बाँडफाड बापत स्रोत अनुमान भन्दा न्युन प्राप्ति भएकाले गाउँसभाको निर्णय बमोजिम गाउँपालिकाको आन्तरिक खातामा सापटी लिई शैक्षिक क्षेत्र अनुदानमा खर्च लेखेको पाईयो । पालिकाले उक्त रकम रु. ३३,५९,२४९ लेखापरीक्षणको क्रममा मिति २०८१।६।९ मा संघिय संचित कोष फिर्ता भएको छ । संघिय सशर्त अनुदानबाट गाउँ कार्यपालिका निर्णय गराई आन्तरिक खर्चमा सापटी लेख्न मिल्ने आधार नदेखिएकोले पालिकाले सापटी लिई खर्च गर्ने प्रवृत्तीमा सुधार हुनुपर्दछ ।

| **सर्शत शिर्षक** | **सापटी रकम** |
|---|---|
| स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव, महंगी भत्ता र पोषाक भत्ता रु. | २०००००० |
| आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान रु. | १३५९२४९ |
| **जम्मा रु.** | **३३५९२४९** |

६ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) र (३) मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने र आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्षको अन्तिममा मात्र आन्तरिक लेखापरीक्षण गराएको छ । ऐनमा उल्लिखित व्यवस्था अनुसार त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराउनु पर्दछ । साथै पालिकाले २०७९।८० आन्तरिक लेखापरीक्षणबाट कायम भएका कैफियतहरु अन्तिम लेखापरीक्षण अगावै फर्स्यौट गराउनुपर्नेमा लेखापरीक्षण अवधिसम्म फर्स्यौट भएको देखिएन । पालिकाले आन्तरिक लेखापरीक्षणमा औल्याइएका बेरुजु असुल फर्स्यौट गर्नुपर्दछ ।

७ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नु पर्ने र दफा ७३ मा स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाको उपाध्यक्षले २०८०।०३।८ मा रु. ४० करोड ४५ लाखको बजेट सभामा पेश गरेकोमा २०८०।३।८ मा पारित भई पालिकाको अध्यक्षले २०८०।३।१४ मा प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

८ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ । उल्लेखित अनुसार समिति गठन गरेको भए तापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको देखिदैन । बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

९ **बजेट सिमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तयारी लगायत कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले समितिको गठन गरेता पनि ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना गर्नेतर्फ पदाधिकारीहरुको ध्यान जानुपर्दछ ।

१० **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । त्यस्तै स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा वडागत र पालिकास्तरका कुल ९६ योजनामा रु. १२ करोड ३१ लाख ६८ हजार विनियोजन गरेको छ । उक्त योजना मध्ये ८ योजना कार्यान्वयन नभई कुल ८८ योजनामा रु. १० करोड ५२ लाख ७७ हजार खर्च गरेको छ ।

| **विवरण** | **योजना संख्या** | **रकम रु हजारमा (०००)** |
|---|---|---|
| १ लाख भन्दा कम | १६ | १०५५ |
| १ लाख देखी ५ लाख सम्म | ४५ | १३०४१ |
| ५ लाख देखी १० लाख सम्म | ११ | ८२०८ |
| १० लाख देखि २० लाख सम्म | ९ | १४१८७ |
| २० लाख भन्दा माथी | १५ | ८६६७७ |

उपर्युक्त विवरणअनुसार पालिकाले अधिकांश साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## ११ क्षेत्रगत बजेट तथा खर्चको स्थिती

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्र समेटिने गरी बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | कुल खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २८०८१७२१.०० | २२५१२३८१.०० | ६.३६ |
| २ | सामाजिक विकास | २०२९६२०००.०० | १८२२१६५६२.०० | ५१.५२ |
| ३ | पूर्वाधार विकास | ९७५४२२७९.०० | ८२५८९३९६.०० | २३.३५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३९५९०००.०० | ३२१३३२२.०० | ०.९० |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ७३९०४७००.०० | ६३१७९०८१.०० | १७.८७ |
| **जम्मा** | | **४०६४४९७००.००** | **३५३७१०७४२.००** | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५१.५२ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा ०.९० प्रतिशत रहेको छ । पालिकाको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ ।

## १२ खर्च विश्लेषण

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

**त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (रकम रु. हजारमा) | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १०५२७७ | १२१७५ | २४४५ | २४६७४ | ६५९८३ | ५३८३६ |
| प्रतिशत | १०० | ११.५६ | २.३२ | २३.४४ | ६२.६८ | ५१.१४ |

पालिकाले रु. १० करोड ५२ लाख ७७ हजार पुँजिगत खर्च गरेकोमा प्रथम त्रैमासिकमा रु. १ करोड २१ लाख ७५ हजार (११.५६ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. २४ लाख ४५ हजार (२.३२ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. २ करोड ४६ लाख ७४ हजार (२३.४४ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ६ करोड ५९ लाख ८३ हजार (६२.६८ प्रतिशत) खर्च गरेको देखिएको छ । आर्थिक वर्षको अन्तिम महिना आषाढमा मात्र रु. ५ करोड ३८ लाख ३६ हजार (५१.१४ प्रतिशत) खर्च देखिनुले अन्तिम त्रैमासिक तथा आषाढमा खर्चको चाप वृद्धि भई खर्च व्यवस्थापन सन्तुलित भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

**खर्च बिश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. ३५ लाख १ हजार, गत आर्थिक वर्षको मौज्दात रु. ८८ लाख ८७ हजार, राजस्व बाँडफाँटबाट रु. ७ करोड ३५ लाख ५९ हजार र अनुदानबाट रु. २७ करोड ४५ लाख ३८ हजार समेत रु. ३६ करोड ४ लाख ८५ हजार आम्दानी भएकोमा चालु तर्फ रु. २४ करोड ८४ लाख ३३ हजार र पूँजिगत तर्फ रु. १० करोड ५२ लाख ७७ हजार समेत रु. ३५ करोड ३७ लाख १० हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०. ९८ प्रतिशत रहेको छ ।

पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७०.२३ प्रतिशत चालु र २९.७४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । पालिकाको चालु खर्चको स्थितीलाई विश्लेषण गर्दा पदाधिकारीको सेवा सुविधामा रु. ६८ लाख २२ हजार, कर्मचारी पारिश्रमिकमा रु. ९३ लाख ८२ हजार, करार कर्मचारी पारिश्रमिकमा रु. १ करोड ३५ लाख ३६ हजार, बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीको थप तलबमा रु. ५८ लाख ८५ हजार, गाउँपालिका अन्तर्गतका शिक्षकको तलब भत्तामा रु. ४९ लाख समेत रु. ४ करोड ५ लाख २५ हजार तलब भत्ता तथा पारिश्रमिकमा मात्र खर्च गरेको स्थिती छ जुन आन्तरिक आयबाट प्राप्त रकमको ११.५७ गुणा रहेको छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी आन्तरिक आयभन्दा अधिक रकम प्रशासनिक प्रयोजनमा खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

### १३ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजिगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले देहायअनुसार आर्थिक वर्ष ०८०।८१ का लागि स्वीकृत भएको रु. ७० लाख ८० हजार बराबरको ८ योजना तथा कार्यक्रमलाई घटाई हिउँदे अधिवेशनबाट नयाँ २५ योजना तथा कार्यक्रममा रु. ७० लाख ८० हजार बढाई रकमान्तर गरेको छ । यस अतिरिक्त पालिकाले मिति २०८०।६।२९ गते पुँजिगततर्फको १ नया कार्यक्रममा रु. ३०,००,०००।०० र मिति २०८०।७।२२ गते चालु तर्फको २ नयाँ कार्यक्रममा रु. ९५,०००।०० समेत कुल रु. ३०,९५,०००।०० शुरु बजेटमा थप गरेको पाइयो । यसरी पालिका कुल रु. १,०१,७५,०००।०० को रकमान्तर गरेको छ । उक्त रकम शुरु वजेटको तुलनामा २.५२ प्रतिशत हुन जान्छ ।

| क्र.सं. | शिर्षक | रकमान्तरबाट घटेको | रकमान्तरबाट बढेको | रकमान्तरको प्रकार | रकमान्तर रकम |
|---|---|---|---|---|---|
| १ | चालु | ५८०००००.०० | ५१४५०००.०० | चालु बाट चालु शिर्षकमा | ५०५००००.०० |
| २ | पूँजिगत | १२८००००.०० | ५०३००००.०० | चालु बाट पूँजिगत शिर्षकमा | ७५०००००.०० |
| | **जम्मा** | **७०८००००.००** | **१०१७५०००.००** | पूँजिगत बाट पूँजिगत शिर्षकमा | १२८००००.०० |

योजना छनौट गर्दा पर्याप्त अध्ययन नगरी योजना छनौट गर्ने र कार्यान्वियनको क्रममा नयाँ योजना छनौट गर्ने बजेट थपघट गर्ने कार्यमा नियन्त्रण गरी आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

### १४ दायित्व भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले संघीय समानिकरण अनुदान कम प्राप्त भएको कारण जनाई रु. ३,७५,७८,७१३।०० को ६५ वटा योजना तथा कार्यक्रमहरु भुक्तानी दिन बाँकी प्रमाणित गरी यस आर्थिक वर्षमा भुक्तानी दिएको छ । पालिकाको गत आर्थिक वर्षको मौज्दात रकम रु. ८८ लाख ८७ हजार अल्या गरेकोमा समानीकरण अनुदानबापत अनुमान भन्दा फरक कति घटी रकम प्राप्त भएको हो ? आयोजनागत रुपमा त्यसको विष्लेषण नगरी दायित्व जिम्मेवारी सारेर गत वर्षको भुक्तानी दिएको छ । पालिकाले चालु तथा पूँजिगत खर्च शिर्षकको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी क्रमशः रु. १,७५,७१,३१६।- र रु. २,००,०७,३९७।- भुक्तानी दिएको छ । उक्त खर्च रकम कुल चालु खर्चको ७.०७ प्रतिशत र कुल पूँजिगत खर्चको १९ प्रतिशत रहेको छ । अघिल्लो वर्षको बाँकी दायित्व यस वर्षको बजेटमा समावेश गर्दा बजेटमा अतिरिक्त आर्थिक भार थपिएको तथा चालु खर्च र पूँजिगत खर्चको असन्तुलित भएको देखिन्छ । ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

### १५ खर्च वर्गीकरण

एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले वडा कार्यालयमा कार्यालय सञ्चालन, मर्मत संभार, विविध, मसलन्द, इन्धन लगायतका खर्चको एउटै वडाको कार्यालय संचालन खर्च शिर्षकमा प्रति वडा रु. ४ लाखका दरले रु. ३६ लाख बजेट विनियोजन गरी सबै रकम रु. ३६,००,०००।००

खर्च गरेकोमा खर्च रकम एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार प्रविष्टि भए गरेको पाइएन । नमुना छनौट गरी वडा कार्यालय सञ्चालन खर्चहरुको श्रेस्ता परीक्षण गर्दा खरिद सामग्रीहरुको दाखिला प्रतिवेदनमा जिन्सी खाता पाना नम्बर उल्लेख नगरेको, व्यवस्थित जिन्सी खाता नभएको, इन्धन खर्चको लगबुक विवरण नभएको तथा चिया खाजा खर्चमा स्पष्ट मापदण्ड रहेको देखिएन । वडा कार्यालयको खर्चमा एकरुपता नहुनुका साथै पालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले वडाबाट खरिद गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ । तसर्थ पालिकाले बजेट विनियोजन, खर्च गर्दा एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्याको पालना गर्नुपर्दछ ।

१६ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७८।१।३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वियन गर्न परिपत्र गरेको छ । हालसम्म पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका तयार गरी लागु गरेको छैन । ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वियन गर्नु पर्दछ । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

**वजेट व्यवस्थापन तर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन गरेको देखिएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको देखिएन,

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन,

• शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको देखिएन,

• दीगो विकासका लक्ष्य पुरा गर्न लक्ष्यलाई आन्तरिकीकरण गरी एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन,

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गरेको देखिएन ।

**खरिद व्यवस्थापन तर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार संघीय सार्वजनिक खरिद ऐनको अधिनमा रही स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गर्न सक्ने व्यवस्था रहेकोमा सो अनुसार पालिकाले नियमावली तर्जुमा गरेको देखिएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीय स्तरमा सहजै उपलव्ध हुने निर्माण सामाग्री-ढुङ्गा, वालुवा, गिटी, माटो लगायत र वन जन्य- विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी पुनरावलोकन गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्ने उल्लेख रहेकोमा पालिकाले भौतिक निर्माण कार्यमा साविकको स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, सडक विभाग तथा भवन विभागको नर्म्स प्रयोग गरेकोमा कार्यपालिकावाट भौतिक निर्माण कार्यमा प्रयोग गर्ने नर्म्समा एकरुपता र मितव्ययी हुने गरी स्वीकृति र प्रयोग गरेको देखिएन,

• सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सो अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वयन गर्नुपर्नेमा सो अनुसार पुर्ण रुपमा लागु गरेको देखिएन,

• स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण अनिवार्य गरेको देखिएन,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने गरेको देखिएन,

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मुल्यांकन नगरेको,

• पालिकाले विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयन गरेका आयोजनाहरुको कार्यान्वयन अवस्था खुल्ने गरी एकिकृत रुपमा नापी किताव तयार गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत समावेश गरी तयार गर्नु पर्ने व्यवस्था रहेकोमा ठेक्का अनुसारको कन्टिन्जेन्सी खाता नराखेकोले उल्लेखित अनुसार खर्च भएको पुष्ट्याई हुने देखिएन,

**शिक्षातर्फ**

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षक सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका शिक्षकगत अभिलेख तयार गरेको देखिएन,

• कार्यक्रम कार्यान्वयन पुस्तिकामा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन भएको देखिएन,

• स्थानीय तहले विभिन्न समयमा मातहतमा रहेका विद्यालय अनुगमन गरेकोमा शैक्षिक गुणस्तर सुधार हुने गरी अनुगमन गर्ने मापदण्ड तयार गरी अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने गरेको देखिएन,

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति र अभिलेख व्यवस्थित रहेको देखिएन,

**विविध तर्फ**

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई आर्थिक वर्षको अन्तमा मात्र दिएको,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,• विज्ञापन नियमन गर्ने ऐन,२०७६ र नियमावली, २०८० मा भएको व्यवस्था पालना गरी सुचना प्रकाशन गरेको देखिएन,

• कतिपय गोश्वरा भौचर लगायतका कागजातहरु कार्यालय प्रमुखबाट प्रमाणित नगरेको,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट कार्यक्रम, उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखि रहेको,

• बेरुजु लगतका लागि तयार गरिएको म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख नराखेको ,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फछ्यौट तथा सम्परीक्षण कार्य नगरेको,

• निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) वमोजिम सवै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको,

**इन्धन तथा मर्मत खर्चतर्फ**

• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखेको भए तापनी सवारी साधन अनुरुप प्रयोग खुल्ने गरी अद्यावधिक नभएको,

• जिन्सी मालसामान, मेशिनरी वा सवारी साधन मर्मत गर्नुपर्ने भएमा म. ले. प. फाराम ९१४ बमोजिम मर्मत आदेश अधिकांश स्वीकृत नगराएको, म. ले. प. फाराम ९१५ बमोजिम मर्मत अभिलेख नराखेको

पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई नियमित, मितव्ययी र प्रभावकारी बनाउन उल्लेखित व्यहोरा सुधार हुने गरी ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वियन गर्नु पर्दछ ।

१७ **सूचना प्रविधी सञ्चालन**

पालिकाले सम्पादन गर्नुपर्ने विभिन्न कार्यहरु विद्यूतीय प्रणालीबाट सम्पादन गर्ने गरी सफ्टवेयरहरु सञ्चालनमा ल्याएको छ । पालिका अन्तर्गत प्रयोग भएका सफ्टवेयरहरुको प्रयोगकर्ताहरुको विवरण, पासवर्ड परिवर्तन, भण्डारण तथा डाटा व्याकअप सम्बन्धी अभिलेख म.ले.प. फाराम नं ९०१, ९०२ र ९०३ को ढाँचामा राखी विद्यूतीय सुरक्षा सम्बन्धी व्यवस्था कार्यान्वयनमा ल्याउन पर्नेमा सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरेको छैन । कुन कुन सफ्टवेयर क-कसले सञ्चालन गर्ने गरेका छन् , आधिकारिक रुपमा क-कसलाई सञ्चालनको अनुमति दिइएको छ, डाटा व्याकअपको अवस्था के कस्तो छ भन्ने विषयमा कार्यालयको ध्यान जान सकेको देखिएन । यसबाट अनधिकृत व्यक्तिको प्रणालीमा पहुँच हुन सक्ने, तथ्यांकमा भएका परिवर्तनको जिम्मेवारी को सँग हुने भन्ने किटान नहुने एबम् ब्याकअप नियमित रुपमा गर्ने र प्रमाणित गर्ने व्यवस्था नभएकोले तथ्यांक हराउने वा सच्याउन सकिने जस्ता जोखिम रहेको देखिन्छ । अत: विद्यूतीय तथ्यांकको सुरक्षा सम्बन्धमा भएका व्यवस्थाको पालना गर्नुपर्दछ ।

१८ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९, ९४, ९५ र ९६ अनुसार जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छ।

• पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार नगरेकोले जिन्सीको अवस्था यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा विभिन्न शाखागत तथा वडागत रुपमा खरिद भएका जिन्सी सामान दाखिला गरी प्रविष्टी गरेको पाइएन । अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• पालिकाले एकै किसिमको मालसामानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसामानको तुलनात्मक विवरण विवरण तयार गरेको छैन ।

• पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसंग सम्वन्धित सामानको विवरण तयार गरि कार्यकक्षमा टाँस गरेको देखिएन । यस अवस्थामा जिन्सीको संरक्षण तथा सदुपयोग भएकोमा आश्वास्त हुने आधार रहेको नदेखिएकोले यसमा पालिकाको ध्यानाकर्षण हुनु पर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ अनुसार कार्यालय अन्तर्गतको सरकारी घर, जग्गाको लगत किताव (म.ले.प.फा.नं. ४१७) महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राख्नु पर्ने र सो ढाँचामा जग्गा धनि पूर्जा प्राप्त भए नभएको व्यहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेकोमा सो अनुसार विवरण तयार गरी सम्बन्धीत निकायहरुमा पठाएको नदेखिएकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति

हस्तान्तरण भएका र पालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा रहेका कोष तथा गाउँपालिका खाताहरुमा रहेको सबै मौज्दातलाई एकीकृत गरी अभिलेख अद्यावधिक नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरु एकीकृत गरी अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९६ (२) अनुसार कार्यालयमा मूल्य नखुलेका कुनै सम्पत्ति तथा जिन्सी मालसमान भएमा कार्यालय प्रमुखले नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य कायम गरि सम्पत्ति तथा जिन्सी समानको श्रेस्ता अध्यावधिक गर्नु पर्ने व्यवस्था रहेता पनि यस पालिकामा विगत बर्षदेखि रहेका विभिन्न सवारी साधन तथा प्राप्त भएको जग्गाहरुको मूल्य खुलाई अध्यावधिक गरेको नदेखिएकोले पालिकामा रहेका सवै सम्पत्ति तथा जिन्सीको मूल्याँकन गरि गराई जिन्सी अभिलेख अद्यावधिक गरिनु पर्दछ ।

• जिन्सी सामानको मूल्याँकन गरी काम नलाग्ने र विक्री नहुने सामानहरु मिन्हा गर्ने, तथा काम नलाग्ने तर विक्री हुन सक्ने सामानहरु समयमै आवश्यक कारवाही गरि लिलाम विक्रि गर्ने व्यवस्था गरि जिन्सी व्यवस्थापन गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।

• वर्ष भरिमा मर्मत गरिएका सामाग्री र जिन्सी प्रतिवेदनमा औल्याइएका मर्मत गर्नुपर्ने सामाग्रीको अलग अलग विवरण गरी कार्यालयका सामाग्री खरिद वा मर्मत गर्दा वार्षिक बजेट विनियोजन यथार्थपरक बनाउनुपर्दछ ।

• स्वास्थ्य शाखा तथा स्वास्थ्य केन्द्रहरुमा हालसम्म Logistic Management Information system (LMIS) अन्तर्गत जिन्सी दाखिला हुँदै आएकोमा मन्त्रालयद्वारा प्रतिपादित Electronic Logistic Management Information system (ELMIS) अन्तर्गत जिन्सी दाखिला गर्नुपर्दछ ।

## १९ सेवा प्रवाह

पालिकाबाट सम्पादित सेवा प्रवाहलाई आन्तरिक राजस्वसँग भिडान हुने गरी मलेप फारम १०१, १०२ तथा १०७ हरुको व्यवस्था गर्नुपर्दछ । कार्यालयको मूख्य उद्देश्य हासिल गर्न सेवा ग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । पालिकाले यस वर्ष आर्थिक, समाजिक र पूर्वाधार विकासका अतिरिक्त नियमित सेवा तर्फ पञ्जिकरण दर्ता ६६७, नागरिकता सिफारिस ७५१, घरवाटो सिफारिस २०५, नाता प्रमाणित ४०१, र अन्य २६५० लयागतका सिफारिस तथा सेवा प्रवाह गरेको विवरण पेश गरेको छ । कार्यालयले उल्लिखित विवरण अनुरुप मलेप फाराम भिडान हुने गरी अभिलेख व्यवस्थापन गरेको देखिएन । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउदै सेवा प्रवाहलाई आन्तरिक राजस्वसँग भिडान हुने गरी मलेप फारमको व्यवस्थापन गर्नुपर्दछ ।

## २० वित्तिय जोखिम मूल्याङ्कन

पालिकाले प्रदान गर्ने सेवाको बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तह वित्तिय जोखिम मुल्याङ्कनमा यस पालिकाले आ.व. २०७९।८० मा ६० प्रतिशत अङ्क हासिल गरेको छ भने स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनको आधारमा पालिकाले आ.व. २०७९।८० मा ७२.५० प्रतिशत अङ्क प्राप्त गरेको पाइयो । पालिकाले क्षमता स्वमुल्याङ्कनका तथा जोखिम मुल्याङ्कनको क्रममा पत्ता लागेका जोखिमहरुको अभिलेख राखि नियन्त्रणको लागि कार्य योजना तयार गर्नुपर्दछ ।

## २१ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन नरहेको र यो बर्ष दर्ता भएका ३ विवाद मध्ये ३ वटै फछर्यौट भएको देखिन्छ ।

## २२ कानुन निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १३ वटा ऐन, ३ वटा नियमावली, ५४ वटा कार्यविधि तथा ३ वटा नर्म्स लगायत ७३ वटा कानुन निर्माण गरी

कार्यान्यनमा ल्याएको छ । पालिकाले नमुना कानूनका आधारमा कार्यसञ्चालन निर्देशिका लगायतका आवस्यक कानूनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । संविधान तथा प्रचलित कानूनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको विषय कार्यान्वयनका लागि आवश्यक कानून वनाई संघीय तथा प्रदेश सरकारसँगको आवश्यक सहकार्य, समन्वय र साझेदारीमा जोड दिनुपर्दछ ।

२३ **सहकारी नियमन**

नेपालको संविधानको अनुसूची-८ मा सहकारी संस्था स्थानीय तहको अधिकार सूची भित्र रहेको छ । यस पालिकाले सहकारी सम्बन्धी ऐन कानून निर्माण गरेको अभिलेख लेखापरीक्षणमा पेश हुन आएन । त्यस्तै सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा सहकारी संस्थाहरुको मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट उपलब्ध विवरण अनुसार पालिकामा कुल २१ वटा सहकारी संस्था दर्ता भएकोमा १५ वटा मात्र सहकारी संस्था एकिकृत व्यवस्थापन सूचना प्रणाली (कोपोमिस)मा आबद्ध भएको पाइयो । जस मध्ये देम्बा बहुउद्देश्य सहकारी संस्था लिमिटेडले समष्टिगत विवरण भरेको र अन्यले सो विवरण भरेको पाइएन । पालिकामा समस्याग्रस्त सहकारीको गुनासो नआएको तथा समस्या ग्रस्त सहकारी पहिचान नभएको व्यहोरा जानकारी प्राप्त भएको छ । पालिकाले सहकारी संस्था सम्बन्धि कुनै पनि अनुगमन निरीक्षण तथा छानविन नगरेकोले यस सम्बन्धी थप विश्लेषण गर्न सकिएन । संस्थागत सहकारी सुशासनमा सुधार ल्याउन सहकारी शाखा र सहकारी संस्थाको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालनमा ल्याउनुपर्दछ । साथै सहकारीको बर्तमान अवस्थामा आएको कार्य सन्चालनको विचलनलाई रोक्न तथा सर्वसाधारण नागरिकको बचतको सुरक्षा र उद्धेशयप्रति प्रतिवद्ध गराउन पालिकावाट सहकारी संस्थाको पर्याप्त नियमन तथा अनुगमन हुनु पर्दछ ।

२४ **वार्षिक खरिद योजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १० करोड ५२ लाख ७७ हजार पूँजीगत खर्च/खरिद कार्य गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२५ **खरिद कारवाही अभिलेख**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको छुट्टै फाइल खडा गरी नियम १४९(२) मा उल्लिखित कागजातहरु संलग्न राख्नु पर्ने तथा नियम १४९(३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने उल्लेख छ । पालिकाले गरेको खरिद कार्यको अभिलेख राखेको देखिएन । खरिद तथा योजनाहरुमा हुनसक्ने दोहोरोपना नियन्त्रण गर्नका लागि नियमावलीको व्यवस्था बमोजिम कागजात संलग्न राखि अभिलेख तयार गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

२६ **एम्बुलेन्स सञ्चालन कोष**

पालिकाले एम्बुलेन्स सेवालाई व्यवस्थित गर्न एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०७५ पारित गरि ४ वटा एम्बुलेन्स सेवा सञ्चालन गरेको छ । उक्त कार्यविधिको दफा ६ मा एम्बुलेन्स सञ्चालन कोषको व्यवस्थापन गरी सेवा शुल्कबाट प्राप्त रकम कोषमा जम्मा गरिने र जम्मा गरेको रकमबाट एम्बुलेन्सको मर्मत सम्भार, इन्धन, चालकलाई तलब भत्ताको व्यवस्था गर्नुपर्ने उल्लेख छ । पालिकाको एम्बुलेन्स कोषको आय व्ययको अवस्था देहायअनुसार रहेको छ ।

| गतको मौज्दात | यस वर्षको आय | जम्मा प्राप्ती | यस वर्षको खर्च | मौज्दात बाँकी |
|---|---|---|---|---|
| ७७६५७.०० | ६४७७२०.०० | ७२५३७७.०० | ६४९३३५.०० | ७६०४२.०० |

पालिकाले कोषको खर्च बाहेक एम्बुलेन्स मर्मत तथा इन्धन खर्च पालिका चालु शिर्षकबाट समेत भुक्तानी गर्ने गरेको पाइयो । यसका केही उदाहरण देहायअनुसार छ ।

| भौ नं. | विवरण | खर्च रकम |
|---|---|---|
| २९-०८०।६।१२ | एम्बुलेन्सको इन्धन तथा मर्मत खर्च | ८१६२५.०० |
| ११६-०८०।९।२५ | एम्बुलेन्स टायर खरिद | ३६०००.०० |
| १२९-०८०।१०।८ | एम्बुलेन्स मर्मत खर्च | २६४०१.०० |
| २५९-०८१।२।१३ | एम्बुलेन्स एसोसरिज तथा डेकोरेसन मर्मत | ३७६७४२.०० |

पालिकाले एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन खर्च कोषमा प्राप्त अम्दानीको अधिनमा रही मितव्ययी तवरबाट गर्नुपर्दछ । साथै एम्बुलेन्सबाट सम्पादित सेवा प्रवाहलाई आन्तरिक राजस्वसँग भिडान हुने गरी मलेप फारम १०१, १०२ तथा १०७ हरुको व्यवस्था गर्नुपर्दछ ।

२७ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन । यस वर्ष पालिकाले आर्थिक सहायता कार्यविधि, २०७७ को आधारमा विपद तथा अन्य घटनाका कारणले भएको क्षति बापत व्यक्ति तथा संस्थालाई दिइने उद्धार राहत तथा पुनर्स्थापन खर्च शिर्षकमा रु. ८ लाख विनियोजन गरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. ३,६५,०००।०० आर्थिक सहायता वितरण गरेको छ । त्यस अतिरिक्त पालिकाले दैविक प्रकोप (भैपरी) वडा नं. ७ दायित्व भुक्तानी शिर्षकबाट रु. १,००,०००।०० समेत गरी कुल राहत तथा सहायता रकम रु. ४,६५,०००।०० खर्च भएको छ जुन पालिकाको कुल आन्तरिक आय रु. ३५ लाख १ हजार को १३.२८ प्रतिशत हुन आउँछ । पालिकाले आर्थिक सहायता प्राप्त गर्ने हरुको नामावली सार्वजनिक प्रकाशन गरी आर्थिक सहायता वितरण खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

२८ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको सुत्रको विवरण अनुसार विविध खर्चमा पालिकाले कुल रु. १५,१७,९१०।०० खर्च गरेको छ । त्यस अतिरिक्त पालिकाले सभा सञ्चालनमा रु. ४ लाख बजेट विनियोजन गरी रु. ३,४९,३५६।०० खर्च लेखेको छ । पालिकाले विविध खर्च अन्तर्गत खाना खाजाको खर्च लेख्दा के कुन कार्यक्रमा, सहभागी संख्या नखुलाई विभिन्न होटल तथा रेस्टुराँको बिल भरपाई संलग्न गरी खाना खाजा लगायतका खर्च गर्ने गरेकोले पालिकाको विविध खर्चको यर्थाथता परिक्षण गर्न सकिएन । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ३५ लाख १ हजार को ४३.३५ प्रतिशत हुन आउँछ। पालिकाले विविध खर्चमा नियन्त्रण गर्न प्रयोजन खुलाई आन्तरिक आयको परिधि भित्र रही खर्चलाई मितव्ययी बनाउनु पर्दछ ।

२९ **अनुत्पादक वितरणमुखी खर्च**

स्थानीय तहले योजना छनोट गर्दा रोजगारी सृजना हुने जनताको जीवनस्तर उठाउने आय आर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनोटमा ध्यान दिनुपर्दछ। पालिकाले संघीय सरकारबाट सिमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक आय पनि सिमित रहेको अवस्थामा सिमित स्रोतको अधिकतम उपयोग हुने गरि उल्लेखित विषयहरुमा केन्द्रित भई योजनाहरु कार्यान्वियन गर्नुपर्नेमा अनुत्पादक वितरणमुखि योजना र कार्यक्रमहरु सञ्चालन गर्ने गरेको देखियो । यस्तो योजना र कार्यक्रमहरुले पालिकाको अर्थतन्त्रमा उल्लेखनिय योगदान नपुर्याउने तथा पालिकाको आर्थिक व्यभार बढन गई प्राप्त आयले धान्न नसक्ने हुनाले यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ। यस सम्बन्धी केही उदाहरण निम्नानुसार छनः

| भौ नं. | विवरण | रकम |
|---|---|---|
| ४१५-०८१।३।२२ | तिज विशेष, नारी दिवस, लैङ्गिक हिंसा विरुद्ध १६ दिने कार्यक्रम खर्च | १००८००० |
| ४५०-०८१।३।२४ | शेर्पा जाति संग सम्बन्धित कार्यक्रम खर्च | १००००० |
| ४५१-०८१।३।२४ | सुनुवार जाति संग सम्बन्धित कार्यक्रम खर्च | १००००० |
| ४५२-०८१।३।२४ | तामाङ जाति संग सम्बन्धित कार्यक्रम खर्च | १००००० |
| ४५३-०८१।३।२४ | गुरुङ्ग जाति संग सम्बन्धित कार्यक्रम खर्च | १००००० |

३० **तलबी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका कर्मचारीहरुको रु. १,१९,२३,००३।०० र पालिकाका कर्मचारीहरुको रु. ९३,८२,१८६।०० समेत रु. २,१३,०५,१८९।०० तलब भत्ता खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा शाखा तथा महाशाखा रहेको संगठन संरचना कायम हुने व्यवस्था रहेको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(४) मा कर्मचारीको दरबन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्चको श्रोत समेत विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३६ जना स्थायी पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका शिक्षा अधिकृत, प्रशासकिय अधिकृत, लेखा अधिकृत, इन्जिनियर, सहायक पाँचौँ, सब-इन्जिनियर, सहायक चौथौ सहित विभिन्न ५० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

३२ **करार कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । गाउँपालिकाको करार कर्मचारी पारिश्रमिकमा मात्र रु. १ करोड ३५ लाख ३६ हजार खर्च गरेको स्थिती छ । उक्त खर्च कुल आन्तरिक आय रु. ३५ लाख १ हजार को ३.८६ गुणा रहेको छ । अतः आन्तरिक श्रोतबाट खर्च सुनिश्चितता नहुने अवस्थामा समेत गाउँपालिकाले करारमा कर्मचारी नियुक्ति गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने देखियो।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेक असिस्टेन्ट सव इन्जिनियर २, सहयोगी कर्मचारी १, कानूनी सल्लाहकार १, रेडियो ग्राफर १, अ.न.मी. ६, ल्याब असिस्टेन्ट १, आँखा स्वास्थ्य कार्यकर्ता १ लगायत १३ जना कर्मचारी करार सेवा मार्फत पदपूर्ति गरेको छ । पालिकाले माथि उल्लेखित मध्ये दरबन्दी भित्रका पदका लागी प्रदेश लोक सेवा मार्फत स्थायी पदपूर्तिको लागि माग गरेको प्रमाण पेश हुन आएन । तसर्थ पालिकाले प्रदेश लोकसेवा मार्फत माग नगरी कर्मचारी करारमा भर्ना गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ । त्यस अतिरिक्त पालिकाले स्वीकृत दरबन्दी बाहेकका सहयोगी कर्मचारी १, कानूनी सल्लाहकार १, रेडियो ग्राफर १, अ.न.मी. ६, ल्याब असिस्टेन्ट १, आँखा स्वास्थ्य कार्यकर्ता १

गरी ११ कर्मचारी करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्ता बापत रु. २९,८०,७८०/- भुक्तानी गरेको छ । यसरी स्वीकृत दरबन्दीमा समावेश नभएका तथा करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २९,८०,७८० |

३३ **फिल्ड भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले खिजिदेम्बा गाउँपालिकामा कार्यरत ईन्जिनियरिङ्ग सेवाका कर्मचारीलाई प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०८० पारित गरेको र वुँदा नं. (२) मा प्राविधिक कर्मचारीले तोकिएको समय भन्दा अतिरिक्त समय काम गर्नुपर्ने र सो भत्ता बापतको रकम कन्टिन्जेन्सी वा अन्य उपयुक्त श्रोत बाट दिनुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष ७ जना प्राविधिक कर्मचारीहरुलाई मासिक प्रति महिना शुरु तलब स्केलको १५ प्रतिशत थप प्रोत्साहन भत्ता बापत रु. ४,४४,४३२।०० पारिश्रमिक खर्च शिर्षकबाट भुक्तानी गरेको छ । ऐन तथा कार्यविधिको आधारमा अतिरिक्त कार्य खुलाई तोकेको शीर्षकवाट आन्तरिक आय समेतलाई विचार गरि प्रोत्साहन भत्ता खर्चमा मितव्ययीता कायम गर्नु पर्दछ ।

३४ **योगदानमा आधारित निवृत्तभरण कोष**

निवृत्तभरण कोष सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनमा प्रचलित कानुन बमोजिम सरकारी कोषबाट निवृत्तभरण पाउने गरी नियुक्त भएका कर्मचारीले अवकाश कट्टी पाउने निवृत्तभरण वा उपदान रकमलाई व्यवस्थित गर्न २०७६ श्रावण पछि नियुक्त कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा र सोही बराबर थप गरी योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा गर्ने व्यवस्था रहेको छ । उल्लिखित व्यवस्था यस आर्थिक वर्ष अघि लागु भएको पाइएन । पालिकाले यस आर्थिक वर्षमा २०७६ श्रावण पछि नियुक्त कर्मचारीहरुको नियुक्ती अवधि देखि हिसाब गरी निवृत्तभरण कोष थप रकम भुक्तानी गरेको छ । पालिकामा कार्यरत कर्मचारीको हकमा ६ प्रतिशत रकम तलबबाट नियमानुसार कट्टी गरेकोमा अन्य सरुवा तथा रमाना भएको देहायका कर्मचारीको हकमा पालिकाबाट रकम थप नगरी ६ प्रतिशत भुक्तानी भएको रकम रु. ५,९७,६६९।०० मात्र उक्त कोषमा जम्मा गरेको देखियो । पालिकाले सरुवा तथा रमाना भएका कर्मचारीहरूको हकमा तलबबाट कट्टी हुनुपर्ने रकम कोषमा जम्मा गर्न आवश्यक व्यवस्था मिलाउनु पर्दछ ।

| क्र.स. | कर्मचारी को नाम | ६ प्रतिशत रकम | कैफियत |
|---|---|---|---|
| १ | नारायण पुरी | ७८२३० | आ.व. २०७९।८० मा सरुवा |
| २ | अर्जुन कार्की | ४२४१७ | आ.व. २०७८।७९ मा सरुवा |
| ३ | बाबुराम घिमिरे | ६९६५१ | आ.व. २०७९।८० मा सरुवा |
| ४ | विजय कुमार खड्का | ४५९२२ | आ.व. २०७८।७९ मा सरुवा |
| ५ | सुशिला घिमिरे | २१२३६ | आ.व. २०७७।७८ मा सरुवा |
| ६ | निर कुमार बस्नेत | ४९८५४ | आ.व. २०७८।७९ मा सरुवा |
| ७ | चक्र प्रसाद आचार्य | ५५६४३ | आ.व. २०७९।८० मा सरुवा |
| ८ | सुनिल महतो | ४५७९३ | आ.व. २०७८।७९ मा सरुवा |
| ९ | दिपकराज भट्ट | २१२६२ | आ.व. २०७७।७८ मा सरुवा |
| १० | चम्पा राई | ५११६६ | आ.व. २०७९।८० मा सरुवा |
| ११ | रुपेश कुमार यादव | ४१३५५ | आ.व. २०७७।७८ मा सरुवा |
| १२ | लोक बहादुर सुनुवार | ७५१४० | आ.व. २०८०।८१ मा सरुवा |
| | **जम्मा** | **५९७६६९** | |

३५ **धरौटी फिर्ता**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२४ (२) मा कार्यालयले रिटेन्सन मनि फिर्ता भुक्तानी गर्दा सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले कर विवरण पेश गरेको प्रमाण कागजात नलिई लिखु देम्बा कन्स्ट्रक्शन (३०३३०१५६३) लाई स्वास्थ्य चौकी भवन निर्माणको धरौटी रकम रु. ४,१८,०३९।०० फिर्ता गरेको देखियो । पालिकाबाट भुक्तानी लिएको मूल्य अभिवृद्धि कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको पत्र पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,१८,०३९ |

३६ **भुक्तानी प्रकृया**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम ८ मा सेवा प्रदायक तथा आपूर्तिकर्तालाई पच्चिस हजार रुपैयाँ भन्दा बढी रकम भुक्तानी गर्दा एकाउण्टपेयी चेक मार्फत गर्नुपर्ने उल्लेख छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले देहायका खर्च भुक्तानी गर्दा सेवा प्रदायक तथा सम्बन्धित आपूर्तकलाई सोझै भुक्तानी गरेको देखिएन । पालिकाले ऐन तथा नियमावलीको व्यवस्था बमोजिम एकाउण्टपेयी चेक मार्फत सेवा प्रदायक तथा आपूर्तिकर्ताको नाममा भुक्तानी गर्नुपर्दछ ।

| भौ नं. र मिति | भुक्तानी पाउने | आपूर्तकको नाम | खरिद विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| ४३२-०८१।३।२३ | बुद्धिराज मुलिचा | पवित्रा प्रन्टिङ्ग प्रेस | क्यालेन्डर छपाई | ३१८६६० |
| ३३०-०८१।३।१४ | श्याम के सी | फोन टु यु | मोबाईल फोन खरिद | ३३००० |
| ३३१-०८१।३।१४ | धन बहादुर थापा | पवित्रा प्रन्टिङ्ग प्रेस | वडा ३ क्यालेन्डर छपाई | ५५३७० |
| ३४७-०८१।३।१७ | खिलाराज सुनुवार | पवित्रा प्रन्टिङ्ग प्रेस | वडा ५ क्यालेन्डर छपाई | ७६८४० |

३७ **पर्यटन वृत्तचित्र, आइटिनरी र वेभसाइट निर्माण** (१९-२०८०-६-१९):

पालिकाको गाउँपालिका भित्रको पर्यटन प्रवर्द्धन गर्ने हेतुले पर्यटन वृत्तचित्र, आइटिनरी र वेभसाइट निर्माणको सफ्टवेयर निर्माण गर्न पालिकाले गत वर्ष सम्झौता गरी होप मल्टी प्रपोस प्रा.लि. मार्फत तयार गरी रु. ९,७२,०००।०० खर्च गरेको छ । यस सम्बन्धी खर्च परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छः

क) नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले खरिद गरेको उक्त सफ्टवेयरको सेक्युरिटी अडिट टेस्ट तथा सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन साथै प्रणाली र डाटावेसको ब्याकअप सम्बन्धी व्यवस्था भएको देखिएन । अतः पालिकाले स्फटवेयरको ब्याकअपको व्यवस्था गरी यस्ता सफ्टवेयर स्वीकृति लिई मात्र प्रयोग गर्नुपर्दछ ।

ख) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६९ मा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्दा परामर्शदाताले सम्पादन गर्नुपर्ने कार्यको विवरण तथा कार्यक्षेत्रगत शर्त सहितको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले पर्यटन वृत्तचित्र, आइटिनरी र वेभसाइट निर्माण गर्न परामर्श सेवाको कार्यक्षेत्रगत शर्त (TOR) अनुसार लागत अनुमान तयार गर्नुपर्नेमा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकमको लागत तयार गरी सिलबन्दी दरभाउपत्र गरी खरिद गरेको पाइयो । पालिकाले कार्यक्षेत्रगत शर्त तयार गरेरमात्र परामर्श सेवा खरिद गर्नुपर्दछ । निर्माण भएको वेभसाईट तथा वृत्तचित्र पालिकाले अपेक्षा गरे अनुरुप भए नभएको पालिकाले अध्ययन गरेको पाइएन । साथै उक्त वेभसाईट तथा वृत्तचित्र प्राप्त भएपश्चात पर्यटन क्षेत्रमा हुनुपर्ने सुधारको आंकलन र सो सम्बन्धी नीति तथा कार्ययोजना तयार गरेको देखिएन । पालिकाले खरिद गरेको वृत्तचित्र तथा नक्साहरु जिन्सी अभिलेखिकरण सहित कार्यान्वियन अवस्था निक्यौंल गर्दै खर्च सदुपयोग गर्नुपर्दछ ।

३८ **कार्यविधि विपरित आर्थिक सहायता भुक्तानी**

खिजिदेम्बा गाउँपालिकाको आर्थिक सहायता कार्यविधि, २०७७ को दफा ९ (ख) मा रु. २० हजार भन्दा माथिको आर्थिक सहायताका लागि गाउँ कार्यपालिका बैठकबाट निर्णय गर्नुपर्ने उल्लेख छ । पालिकाले दैविक प्रकोप (भैपरी) वडा नं. ७ दायित्व भुक्तानी शिर्षकबाट ४ जना व्यक्तिहरुलाई कार्यविधिमा भएको व्यवस्थाको विपरित वडा समितिको निर्णयको आधारमा जनही रु. २५,०००। का दरले रु. १,००,०००।०० आर्थिक सहायता वितरण गरेको पाइयो । कार्यविधिको व्यवस्था पालना नगरी वितरण गरेको उक्त सहायता नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

३९ **मसलन्द तथा कार्यालय सामाग्री खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को निमय ८५ अनुसार लागत अनुमान रु. १० लाख सम्मको निर्माण कार्य वा मालसामान र ५ लाख सम्मको परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गर्न सकिने, नियम ८४ अनुसार निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा रु. १० लाख भन्दा वढी भएमा सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मसलन्द तथा कार्यालय सामाग्री खर्च शिषर्कमा रु. १५ लाख बजेट विनियोजन गरी रु. १४,९३,९२८।०० खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पालिकाले मसलन्द सामग्री पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

४० **इन्धन खर्चको मापदण्ड**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष पदाधिकारी इन्धन शिर्षकमा रु. ५ लाख र कार्यालय प्रयोजन इन्ध शिर्षकमा रु. २० लाख समेत रु. २५ लाख बजेट विनियोजन गरी पदाधिकारी

इन्धनतर्फ रु. ४,४३,८४६।०० र कार्यालय प्रयोजन तर्फ रु. १७,०४,४५५।०० समेत कुल रु. २१,४८,३०१।०० इन्धन खर्च गरेको छ । पालिकाले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । नमुना आधारमा भौचर छनौट गरी परीक्षण गर्दा पालिकाले भौ नं. ४६१- ०८१।३।२४ मा गाडी नं. प्र-०१-००२-झ-४९५६ को सवारी चालक सुवाससिङ्ग तामाङ लाई ४४६ लिटर डिजेल खरिद गरी रु. ५२,४१७।– इन्धन खर्च लेखेकोमा लगबुक पेश हुन आएन । त्यसैगरी भौ नं. ४२९- ०८१।३।२३ मा गाडी नं. प्र-०१-००२-झ-६५२० को सवारी चालक पासाङ शेर्पालाई २९७ लिटर डिजेल खरिद गरी रु. ४१,३४६।– इन्धन खर्च लेखेकोमा लगबुक पेश हुन आएन । पालिकाले इन्धन खर्चलाई मितव्ययी बनाउन कार्यसञ्चालन निर्देशिका तयार गरी पदाधिकारी तथा कर्मचारीको इन्धनको कोटा निर्धारण गर्नु पर्दछ । साथै सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेखाङ्कन गरी इन्धन खर्च नियन्त्रण गर्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिएको छ ।

४१ **मर्मत खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिनेरी औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष सवारी साधन मर्मतमा रु. ३०,००,०००।०० र मेशिनरी औजार मर्मतमा रु. २,३७,३२८।०० खर्च गरेकोमा अधिकांश सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा लागत अनुमान तयार गर्ने नगरेको, मर्मत संभार तथा संरक्षण आवेदन फारम एकिकृत सम्पत्ती व्यवस्थापन प्रणाली मार्फत तयार नगरेको तथा मर्मत तथा संरक्षण अभिलेख खाता प्रयोग गरेको पाइएन । पालिकले सवारी साधन तथा मेशिनरी मर्मतमा खर्च गरेको रकमको सवारी साधन अनुसार मर्मतको अवस्था देखिनेगरी मर्मत अभिलेख राखेको छैन । यसवाट यस्ता साधन विस्थापित तथा लिलाम गर्दा साथै वित्तिय विवरणमा वास्तविक मुल्य लेखाङ्कन गर्न समस्या हुने देखिन्छ । नमुना आधारमा भौचर छनौट गरी परीक्षण गर्दा पालिकाले भौ नं. १०७-०८०।९।६ बाट गाडी नं. प्र-०१-००२-झ-६५२० मर्मत गरेबापत सज्जन अटो केयर प्रा.लि. लाई रु. २,९८,०३१।– भुक्तानी गरेकोमा मर्मत संभार तथा संरक्षण आवेदन फारम तथा मर्मत आदेश पेश गरेको पाइएन । त्यसैगरी भौ नं. १९९-०८१।१।१४ बाट जे.सि.बी. मर्मत गरेबापत चन्चला देवी ट्रेडर्सलाई रु. ४,९९,५१६।– भुक्तानी गरेकोमा मर्मत संभार तथा संरक्षण आवेदन फारम तथा मर्मत आदेश पेश गरेको पाइएन । पालिकाले मर्मत गरेका सामग्रीहरुको जिन्सी अभिलेखाङ्कन समेत गरेको देखिएन । अतः नियमावलीमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ ।

४२ **सभा सञ्चालन खर्च**

गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ मा गाँउपालिकाका पदाधिकारीहरुले गाँउपालिकाको कामको सिलसिलामा आफ्नो पालिका क्षेत्र भित्र भ्रमण गर्दा भ्रमण खर्च नपाउने उल्लेख छ । पालिकाले भौगोलिक विकटता भएको कारण जनाई सभा सञ्चालनमा पालिकाका पदाधिकारीहरुलाई पालिका आते जाते खर्च भनी २ दिनको दैनिक भ्रमण भत्ता भुक्तानी गरेको पाइयो । यस आर्थिक वर्षमा हिउँदे सभा तथा बजेट सभामा पालिका पदाधिकारीहरुलाई २ दिनको आते जाते दैनिक भ्रमण भत्ता बापत रु. १,३५,५००।०० भुक्तानी गरेको छ । त्यस अतिरिक्त पालिकाले सभा सञ्चालनमा पदाधिकारीलाई होटलबास तथा खाना खाजामा समेत रु. २,०१,३५६।०० खर्च लेखेको छ । पालिकाले सभा सञ्चालन खर्चलाई आन्तरिक आयको परिधि भित्र रही मितव्ययी बनाउनुपर्दछ ।

४३ **जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । नमुना छनौट गरी परिक्षण गर्दा पालिकाले देहायका भौचरबाट विभिन्न सामग्री खरिद गरेकोमा उक्त खरिद गरेका सामग्रीहरु सार्वजनिक सम्पत्ति अभिलेखाङ्कन प्रणालीमा (PAMS) प्यामसमा दाखिला गरेको पाइएन । अतः खरिद भएका सामग्री जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| भौनं. र मिति | आपूर्तकको नाम | खरिद विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ३६८-०८१।३।१९ | भतिज आईटी सोलुसन प्रा.ली. | स्वीच पोल तथा राउटर खरिद | ५२६५८ |
| २५९-०८१।२।१३ | शिवाकोटी कार डेकोरेशन | एम्बुलेन्समा विभिन्न सामग्री खरिद | ३७६७४२ |
| २५०-०८१।२।११ | न्यू नेपाल ट्रेड कन्सर्न | अन्य कार्यालय सञ्चालन सामग्री खरिद | ६२७१५ |
| | **जम्मा** | | **४९२११५** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९२,११५ |

४४ **घरभाडा**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न गर्नुपर्दछ। पालिकाले यो वर्ष घरभाडातर्फ रु. १२,९३,०००।०० र गतको घरभाडा दायित्व रु. ९,२९,४००।०० खर्च गरेको देखिएको छ । पालिकाले कार्यालयको सेवा प्रवाह सञ्चालन आंशिक रुपमा निर्माण भएको आफ्नै भवनवाट उपलव्ध गराएकोमा थप कार्यालय प्रयोजनको लागि घर भाडामा लिई खर्च गरेको देखियो । पालिकाको प्रशासकिय भवनको विस्तृति परियोजना प्रतिवेदन (DPR) अनुसारको आफ्नै भवन निर्माण सम्पन्न हुने गरी वजेट व्यवस्थापन गरी घरभाडा खर्चमा मितव्ययीता कायम गर्नु पर्दछ ।

४५ **थप जरीवाना** (२६१-२०८१-२-३१):

प्रदेश नं १, सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्वन्धि निर्देशिका २०७५ मा विभिन्न सेवा शुल्क तथा महशुल तोकिएको समयमानै भुक्तानी गरि छुट सुविधा लिने तथा जरिवाना नतिर्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले गाडी तथा मोटर साईकलको बिमा तथा नविकरण खर्च भुक्तानी गर्न सिमोन वि.क. लाई रु. २,५०,०००।०० पेश्की फर्स्योट गरी रु. २६,७७०।०० सोधभर्ना भुक्तानी गर्दा सवारी साधनको नविकरण तथा कर रकम भुक्तानी गर्दा रु. ४८०७०।– थप जरीवाना समेत भुक्तानी गरेको छ । बजेट सुनिश्चित भएको अवस्थामा समेत ढिलाई गरी जरिवाना सहित कर भुक्तानी गर्नाको कारण खुलाई जरीवाना बापतको रकम जिम्मेवार व्यक्तीबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,०७० |

४६ **पदाधिकारी यातायात खर्च भुक्तानी**

कोशी प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा पालिकाका अध्यक्ष तथा उपाध्यक्षलाई सरकारी सवारी साधन (गाडी) उपलब्ध नभएमा मासिक रु. १०/१० हजारका दरले यातायात खर्च बापतको रकम सुविधा पाउने उल्लेख छ । पालिकाको जिन्सी अभिलेख अनुसार प्र-०१-००२-झ-४९५६ र प्र-०१-००२-झ-६५२० नम्बरका दुई थान गाडीहरु यस वर्ष चालु हालतमा प्रयोगमा रहेको देखिन्छ । पालिकाले उपाध्यक्षलाई सरकारी गाडी उपलब्ध नभएको भनी निम्नानुसार मासिक रु. १०/१० हजारका दरले १२ महिनाको यातायात खर्चबापत रु. १ लाख २० हजार भुक्तानी दिएको देखियो । कार्यालयका चालु हालतका सरकारी गाडी उपाध्यक्षले सरकारी कामको सिलसिलामा प्रयोग गर्ने भएको र सवारी इन्धन प्रयोगको लगबुक एवं पदाधिकारीहरुको भ्रमण विल समेतबाट निजहरुले ती सरकारी गाडीको प्रयोग गरेको लेखापरीक्षणको क्रममा देखिन आएको छ । तसर्थ यातायात खर्च बापतको रकम दिन मिल्ने आधार नदेखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु.

| सिं नं. | पदाधिकारीको नाम र दर्जा | यातायत खर्च |
|---|---|---|
| १ | उपाध्यक्ष श्री सुशिला तामाङ | १२०००० |
| | **जम्मा** | **१२००००** |

त्यसैगरी पालिकाले वडाध्यक्षहरुलाई मासिक रु. ४ हजारका दरले यातायात सुविधा रकम भुक्तानी गरेकोमा पालिकाले वडा सञ्चालन खर्च अन्तर्गत सवारी मर्मत तथा इन्धन विल पेश गरी खर्च भुक्तानी गरेको देखियो । यस सम्बन्धमा वडाध्यक्षले मोटरसाईकल नबुझी बडा सचिवले बुझेको र सो वाईक वडा प्रयोजनको लागि प्रयोग भएको भन्ने पालिकाको भनाई रहेको छ । पालिकाले पदाधिकारी इन्धनमा बजेट विनियोजन गरी खर्च लेखेको अवस्थामा पदाधिकारीहरुलाई गाडी तथा मोटरसाइकल लगायतमा भएको खर्च दोहोरो सुविधा नभएको सुनिश्चित गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२०,००० |

४७ **भ्रमण खर्च**

भ्रमण नियमावली २०६४ मा भ्रमण आदेशमा भ्रमणको उद्देश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नुपर्ने छ र भ्रमणबाट फर्किएको ३ दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको ब्यहोरा सहितको भ्रमण प्रतिबेदन समेत पेश गर्नुपर्ने उल्लेख छ । यस पालिकाले वार्षिक अनुगमन तथा भ्रमण खर्चमा रु. १२,०७,५६४।०० खर्च लेखेको छ । यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार छः

• भ्रमण खर्च नियमावली, २०६४ को नियम ३(४) अनुसार भ्रमण आदेशमा आदेश गर्ने पदाधिकारीले अनुसूची १ मा उल्लेखित भ्रमणको स्थान, उद्देश्य, अवधि, भ्रमण गर्ने साधन लगायतका व्यहोरा स्पष्ट उल्लेख गरेको देखिएन,

• भ्रमण पश्चात भ्रमण प्रतिवेदन(म.ले.प. फारम ९०९) मा कार्यालय सम्बन्धी काममात्र उल्लेख गरी स्पष्ट रुपमा भ्रमणको उद्देश्य, सम्पादित मुख्य मुख्य काम, सिकाइ तथा उपलब्धि, सारांश तथा सुझावहरु लगायत उल्लेख गरेको देखिएन,

• भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ वमोजिम भ्रमण अभिलेख खाता (म.ले.प. फारम ९०८) र पारिवारिक दैनिक भ्रमण भत्तासम्बन्धी अभिलेख (म.ले.प. फारम ९०६) राखेको देखिएन ।

• पालिकामा हाजिरी व्यवस्थापनका लागि डिजिटल हाजिरी प्रयोग नगरेको, भ्रमण अभिलेख खाता (म.ले.प. फा.नं. ९०८) समेत तयार नगरेको ।

• स्थानीय भत्ता पाउने कर्मचारीहरुलाई भ्रमण भत्ता भुक्तानी गर्दा प्रदेश कानूनमा उल्लेख भए भन्दा १० प्रतिशत थप दरमा भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

• पदाधिकारीहरुलाई आन्तरिक वडा अनुगमन गरेको भ्रमण खर्च समेत भुक्तानी गर्ने गरेको ।

• पदाधिकारी तथा कर्मचारीहरुलाई भ्रमण खर्च गर्दा थप विविध खर्च समेत भुक्तानी गर्ने गरेको ।

• दोहोरो हुने गरी एकै अवधीको पदाधिकारी तथा कर्मचारीहरुलाई विभिन्न बैठक भत्ता तथा कार्यक्रममा उपस्थित भएको दिनको समेत भ्रमण खर्च भुक्तानी भएको ।

उल्लेखित अवस्थाले पालिकाले गरो अनुगमन तथा भ्रमण खर्च मितव्ययीता र वास्तविकताको यकिन हुन सकेन । पालिकाले अनुगमन तथा भ्रमण खर्चलाई मितव्ययी बनाउनु पर्दछ ।

४८ **दोहोरो भ्रमण तथा भत्ता खर्च**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारी तथा पदाधिकारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, स्थानीय भत्ता नपाउने व्यवस्था गरेको छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले देहायका पदाधिकारी तथा कर्मचारीहरुलाई निम्नानुसार अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा विभिन्न विषयगत समिति, वडा समितिको बैठकमा उपस्थित भएकै मितिमा समेत अनुगमन तथा भ्रमण खर्च भुक्तानी दिएको पाइयो । पालिकाले थप एकिन गरी यस प्रकृतीको दोहोरो खर्च लेखेको रकम भुक्तानी दिने व्यक्तिलाई समेत जिम्मेवार बनाई असुल गर्नुपर्ने रु.

| पदाधिकारी/कर्मचारीको नाम | भ्रमण अवधि | भ्रमण स्थान | भ्रमण खर्च भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| अ.स.ई मिलन सुनुवार | २०८०।४।१०-२०८०।४।१६ | विभिन्न वडा | ८२५० | फिल्ड भत्ता भुक्तानी भएकोले दोहोरो |

पालिकाले अन्य कर्मचारीको हकमा समेत कार्यालयबाट दोहोरो परे नपरेको यकिन गरी असुल गर्नुपर्दछ ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **८,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **८,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **८,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,२५० |

४९ **बढी भ्रमण खर्च दर**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५० **असम्बन्धित व्यक्तिको भ्रमण खर्च भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले कार्यालय सँग असम्बन्धित देहायका व्यक्तिहरुलाई भ्रमण खर्च भुक्तानी गरेकोमा भ्रमणको स्पष्ट कारण र प्रयोजन खुलाएको पाइएन साथै निवेदकहरुले भ्रमण खर्च यस पालिकाले व्यहोर्नुपर्ने भनी प्रमाण संलग्न गरेको देखिएन । अन्य सरकारी कार्यालयको खर्च मन्त्रालयका स्वीकृती बेगर पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको एकिन गर्नुपर्ने र भ्रमण खर्च भुक्तानी दिनुपर्ने आधार प्रमाण पेश गर्नुपर्ने रु.

| भौ नं | भ्रमण गर्ने कर्मचारी | कार्यालय | भ्रमण अवधी | भ्रमण खर्च |
|---|---|---|---|---|
| ३९९-०८१।३।२० | ध्यानविर राई | प्रदेश लेखा इकाई कार्यालय, ओखलढुंगा | २०८१।२।२३- २०८१।२।२९ | १०००० |
| ३८२-०८१।३।१९ | सुदिप तामाङ | जिल्ला प्रशासन कार्यालय, काभ्रे | २०८०।११।६-२०८०।११।१२ | ६८०० |
| ३८२-०८१।३।१९ | सुदिप तामाङ | जिल्ला प्रशासन कार्यालय, काभ्रे | २०८०।११।२१-२०८०।११।२७ | ६८०० |
| ३८७-०८१।३।१९ | लोक बहादुर मगर | इलाका प्रशासन कार्यालय, खिजिफलाटे | २०८०।८।१५-२०८०।८।२१ | १०००० |
| ३८७-०८१।३।१९ | पेशल बहादुर वि.क. | इलाका प्रशासन कार्यालय, खिजिफलाटे | २०८०।१०।१८-२०८०।१०।२४ | १०००० |
| ३८७-०८१।३।१९ | पेशल बहादुर वि.क. | इलाका प्रशासन कार्यालय, खिजिफलाटे | २०८०।११।१८-२०८०।११।२४ | १०००० |
| ३९६-०८१।३।२० | रमेश कुमार पौडेल | कोष तथा लेखा नियन्त्रक कार्यालय, ओखलढुंगा | २०८१।३।१-२०८१।३।७ | ९८५० |
| ३९८-०८१।३।२० | नहकुल बोगटी | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौं | २०८१।१।२७-२०८१।२।२ | १२००० |
| ३९८-०८१।३।२० | टिकाराम आचार्य | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौं | २०८१।१।२७-२०८१।२।२ | १२००० |
| | **जम्मा** | | | **८७४५०** |

| प्रमाण पेश नगरेको | ८७,४५० |
|---|---|

५१ **होटलबास खर्च**

( ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **२२,३२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५२ **दोहोरो खर्च**

( ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **७,५८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५३ **कार्यालय समयमा बैठक भत्ता भुक्तानी** (३८९-२०८१-३-१९):

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७७ को खर्चको मापदण्ड अनुसार वैठक भत्ताको मापदण्डमा बैठकको विषयवस्तु र सोको गम्भिरता यकिन गरी कार्यालय समय अघि वा पछि भएमा मात्र वैठक भत्ता उपलव्ध गराउन सक्ने व्यवस्था रहेको छ । पालिकाले भौचर नं. ३८९।०८१।३।१९ वाट CBRF सहजकर्ताको कर्मचारी पदपूर्ति समितिको बैठक भत्ता बापत रु. ६०,२००।- भुक्तानी गर्दा माघ १५ गते कार्यालय समय विहान १०:३० बजे र दिनको २:४५ बजे सञ्चालन भएको वैठकमा परिक्षा सञ्चालन गर्ने निर्णय, नतिजा प्रकाशन गर्ने निर्णय लगायतका व्यहोरा खुलाई कर्मचारी उपस्थित भएको आधारमा वैठक भत्ता भुक्तानी गरेको देखियो। कार्यालय समयमा सञ्चालन भएको बैठकमा देहायका कर्मचारीलाई वैठक भत्ता उपलव्ध गराएको असुल गर्नु पर्ने रु.

| क्र.सं. | नाम | नपाउने बैठक संख्या | भुक्तानी रकम |
|---|---|---|---|
| ४ | रो.सं. सुर्य प्रकाश सुनुवार | २ | १७०० |

( ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७०० |

५४ **दोहोरो बैठक भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५५ **खर्चको पुष्टयाई** (४४०-२०८१-३-२३):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ । पालिकाले मेलमिलापतर्फको छलफलको बैठक भत्ता बापत उजुरी प्रशासक मनिराज तामाङ्गलाई रु.४९,०००।०० भुक्तानी दिएकोमा उक्त खर्च पुष्टयाई गर्ने खर्चको निर्णय, माइन्युट तथा आधार प्रमाण पेश हुन आएन । साथै भत्ता रकम वितरणको भरपाई समेत लेखापरीक्षण अवधिसम्म पेश हुन आएन । पालिकाले खर्चको आधार प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४९,००० |

५६ **प्रशिक्षण खर्च**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **२१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५७ **खेलकुद कार्यक्रम खर्च**

पालिकाले राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद कार्यक्रम सञ्चालन गर्न देहायअनुसार रु. १०,४०,०००।०० भुक्तानी दिई खर्च गरेको छ । यस सम्बन्धी श्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोराहरु देहायअनुसार छः

- पालिका अन्तर्गत खेलकुद कार्यक्रम खर्चलाई मितव्ययी बनाउन खर्च गर्ने आधार तथा नर्म्स तयार गरेको पाइएन ।
- पालिकाले यस कार्यक्रममा भएको खर्चको भुक्तानी सम्बन्धित व्यक्ति तथा व्यवसायीको खातामा रकम भुक्तानी दिन मिल्ने कारोवारको समेत कर्मचारीले पेश गरेको टुक्रे विलको आधारमा कर्मचारीलाई रकम भुक्तानी दिएको पाईयो ।

• कार्यक्रममा बैठक भत्ता, पत्रकार भत्ता, प्रहरी भत्ता, स्वयं सेवक भत्ता, स्वास्थ्यकर्मी भत्ता, खाना खाजा खर्च लगायत खर्च अत्याधिक मात्रामा रहेको ।

• कार्यक्रममा भएको खर्च प्रमाणित गरी सार्वजनिकिकरण गरेको देखिएन ।

• कार्यक्रममा खरिद भएका सामग्रीहरुको जिन्सी दाखिला तथा वितरण र खर्चको अभिलेखांकन समेत गरेको पाइएन ।

पालिकाले खर्चलाई प्रमाणित गर्नेगरी कागजपत्र संलग्न नगरी खर्च लेखेकोले खर्चको वास्तविकता एकिन हुन सकेन । पालिकाले यस प्रकृतीको खर्चलाई नियन्त्रण गर्न निश्चित कार्यविधि तथा खर्चको नर्म्स बनाई खर्च मितव्ययी बनाउनुपर्दछ ।

| **भौ नं. र मिति** | **खर्चको विवरण** | **भुक्तानी पाउने** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ३७१-०८१।३।१९<br>१०१-०८१।२।१३ | राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद कार्यक्रम | श्री फुलमती मा.वि. | ५०००० |
| ४३१-०८१।३।२३ | राष्ट्रपति रनिङ्ग शिल्ड जिल्ला स्तरिय खेलकुद कार्यक्रम | बुद्धिराज मुलिचा | ५४०००० |

## ५८ बढी भुक्तानी

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **५,२०९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **४,९३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **४,९३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ५९ निजी सचिव तथा कानूनी सल्लाहकार

कोशी प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) को दफा ३(३) अनुसार गाँउपालिकाको हकमा अध्यक्ष र उपाध्यक्षले पालिकाको राजस्व र आन्तरिक आय एबम् कार्यालयको कार्यवोझ समेतलाई ध्यानमा राखी कार्यपालिकाको निर्णय बमोजिम १/१ जना कर्मचारीलाई निजि सचिवको रुपमा राख्न सक्ने र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । पालिकाको आन्तरिक आम्दानी रु. ३५ लाख १ हजार मात्र भएकोमा पालिका अध्यक्षका निजी सचिवका रुपमा श्री ल्हमु शेर्पालाई मासिक रु. २८,६१०।०० दिने गरी नियुक्ति गरी वर्षभरीमा रु. ३,७१,९३०।०० भुक्तानी गरेको देखिन्छ । साथै पालिकाले कार्यपालिकाको निर्णय बमोजिम १ जना कानूनी सल्लाहकारको रुपमा श्री हर्क बहादुर राईलाई नियुक्त गरी श्रावण देखि असार सम्म रु. १०,०००।०० का दरले रु. १,२०,०००।०० भुक्तानी गरेको छ । पालिकाको आन्तरिक आय तथा स्वीकृत कर्मचारी दरवन्दी समेतलाई विचार गरी निजि सचिव तथा कानूनी सल्लाहकार राख्नु पर्दछ ।

## ६० कर कट्टी

आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८९ अनुसार भएको कारोबारको भुक्तानी गर्नुपूर्व नियमानुसार अग्रीम कर कट्टि गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानी गरेकोमा नियमानुसार रु. २१,४२०।०० कर कट्टी नगरेको तथा घटी कर कट्टी गरेकोले उक्त रकम असुल गर्नुपर्ने रु.

| भौ नं. र मिति | खर्च विवरण | भुक्तानी पाउने | भुक्तानी रकम | कट्टी गर्नुपर्ने कर | भएको कट्टी | बाँकी कर कट्टी |
|---|---|---|---|---|---|---|
| ६६-०८०।७।२३ | पारिश्रमिक खर्च | उत्तम कुमार सुनुवार | १००००० | १५००० | १५०० | १३५०० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **१,९२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,५०० |

६१ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिकाले यस वर्ष आफ्नो मातहतको ३६ विद्यालयको स्थायी शिक्षकको तलबी प्रतिवेदन पारित गराई कुल शिक्षक पारिश्रमिकमा रु. १०,०६,५२,४२८।०० खर्च गरेको छ । पालिका अन्तर्गत विभिन्न तहका ३६ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.स | विद्यालयको नाम | दरबन्दी | रिक्त | कार्यरत | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| १ | श्रीनर्मदेश्वर मा.वि, चप्लेटी | १२ | ० | १२ | १८३ | १५.२५ |
| २ | श्री चुलीआ.वि. चप्लेटी | ६ | ० | ६ | ७४ | १२.३३ |
| ३ | श्रीचण्डेश्वरी आ.वि, रगनी | १ | ० | १ | ३१ | ३१ |
| ४ | श्रीपञ्चकन्या आ.वि. काभ्रे | ० | ० | ० | १७ | ० |
| ५ | श्री बुद्धआ.वि, बौद्ध | ५ | ० | ५ | ५३ | १०.६ |
| ६ | श्रीचण्डेशवरी मा.वि, पोल्थली | १७ | ० | १७ | २२८ | १३.४१ |
| ७ | श्रीसरस्वती आ.वि, रगनी | २ | ० | २ | २८ | १४ |
| ८ | श्रीखाडादेवि आ.वि. रगनि | ० | ० | ० | २२ | ० |
| ९ | श्रीमेशेल्मी आ.वि. पोखरी | ० | ० | ० | ५ | ० |
| १० | श्रीचण्डेश्वरी मा.वि, माझगाउँ | १२ | ० | १२ | १२४ | १०.३३ |
| ११ | श्रीसन्सारी आ.वि. मुलगाँउ | ४ | ० | ४ | ४५ | ११.२५ |
| १२ | श्रीकुण्डली मा.वि, कातिसञ्जोर | ३ | ० | ३ | १७३ | ५७.६६ |
| १३ | श्रीसरस्वति आ.वि पिपलडाडा | २ | ० | २ | २९ | १४.५ |
| १४ | श्रीमाहादेव आ.वि. चर्नालु | २ | ० | २ | ३६ | १८ |
| १५ | श्रीजनज्योति आ.वि. निभारे | ६ | ० | ६ | १०३ | १७.१७ |
| १६ | श्रीफूलमति मा.वि.,फलाटे | २२ | ० | २२ | ४७४ | २१.५४ |
| १७ | श्रीथामथोले आ.वि. चुप्लुभञ्ज्याङ | २ | ० | २ | २४ | १२ |
| १८ | श्रीचम्पादेवि आ.वि. वन्से | ६ | ० | ६ | ९६ | १६ |
| १९ | श्री ज्ञानप्रकाश आ.वि, लट्टे | ३ | ० | ३ | ५२ | १७.३३ |
| २० | श्री आदर्शआ.वि. थारे | १ | ० | १ | १७ | १७ |
| २१ | श्रीजनज्योति आ.वि. दुब्ले | ० | ० | ० | १६ | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२ | श्रीचम्पादेवि आ.वि. महभिर | ७ | ० | ७ | ७० | १० |
| २३ | श्रीदिम्बा आ.वि भित्ते | १ | ० | १ | ४ | ४ |
| २४ | श्रीरञ्जनादेवी आ.वि, रावादोलु | ७ | ० | ७ | ९८ | १४ |
| २५ | श्रीहिमगंगा मा.वि. रावादोलु | १३ | ० | १३ | २११ | १६.२३ |
| २६ | श्रीकुन्तादेवी आ.वि. रावादोलु | ० | ० | ० | २८ | ० |
| २७ | श्रीहिमालयन आ.वि. हिले | १ | ० | १ | ११ | ११ |
| २८ | श्रीबुद्ध आ.वि , धुपिसुर्के | १ | ० | १ | १४ | १४ |
| २९ | श्रीभुसिङ्गा आ.वि, पिके | ७ | ० | ७ | ६७ | ९.५७ |
| ३० | श्रीदेम्बाहिल आ.वि. भुसिंगा | ० | ० | ० | १६ | ० |
| ३१ | श्रीसरस्वती आ.वि, रावा | ३ | ० | ३ | ३९ | १३ |
| ३२ | श्रीसिद्धार्थ सामुदायिक आ.वि. भुसिंगा | ३ | ० | ३ | ४० | १३.३३ |
| ३३ | श्रीशिवालय मा.वि. छेर्मादिङ | ९ | ० | ९ | २१८ | २४.२२ |
| ३४ | श्रीमाहादेव आ.वि. ताउर | १ | ० | १ | १९ | १९ |
| ३५ | श्री जनताआ.वि. दोराखर्क | ५ | ० | ५ | ५९ | ११.८ |
| ३६ | श्री पिकेआ.वि. फाप्रे | २ | ० | २ | ७५ | ३७.५ |
| | जम्मा | १६६ | ० | १६६ | २७९९ | १६.८६ |

उल्लेखित विवरण अनुसार विद्यालयहरूको औसत शिक्षक-विद्यार्थी अनुपात १६.८६ रहेको छ। स्रोतहरूको पुनर्वितरण वा शिक्षक व्यवस्थापन समायोजन गरेर शैक्षिक गुणस्तर र परिणामहरूमा सुधार गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

### ६२ बालविकास सहजकर्ता

प्रारम्भिक बालविकास कार्यक्रम संचालन सम्बन्धी निर्देशिका २०६१ को दफा ८ अनुसार, बालविकास सहजकर्ताले दिनको ४ घण्टा कक्षा संचालन गर्नुपर्ने र प्रत्येक कक्षामा २५ जना सम्म बालबालिका राख्नुपर्ने व्यवस्था छ । प्रत्येक सहजकर्तालाई संघीय सशर्त तर्फ प्रति महिना रू. १०,०००।- का दरले निकासा गरिएको छ । पालिकाले शिक्षकको सरुवा, बढुवा, अवकास, राजिनामा, आन्तरिक तथा अन्तर पालिका सरुवा लगायतका विवरण अध्यावधिक गरी अभिलेख पेश नगरेकोले यस सम्बन्धी परीक्षण गर्न सकिएन । पालिकाले तलव भत्ता निकासा गर्नको लागि विवरण अध्यावधिक गर्नु पर्दछ । पालिका अन्तर्गतका देहायका विद्यालयमा बालविकास सहजकर्ता तथा विद्यार्थी संख्या देहायनुसार रहेको छ ।

| क्र.स | विद्यालयको नाम | बाल विकास सहजकर्ता संख्या | विद्यार्थी संख्या |
|---|---|---|---|
| १ | श्री नर्मदेश्वर मा.वि, चप्लेटी | १ | १९ |
| २ | श्री चुलीआ.वि. चप्लेटी | १ | १५ |
| ३ | श्री चण्डेश्वरी आ.वि, रगनी | १ | ११ |
| ४ | श्री पञ्चकन्या आ.वि. काभ्रे | १ | ४ |
| ५ | श्री बुद्धआ.वि, बौद्ध | १ | ० |
| ६ | श्री चण्डेशवरी मा.वि, पोल्थली | १ | ९ |
| ७ | श्री सरस्वती आ.वि, रगनी | १ | ६ |
| ८ | श्री खाडादेवि आ.वि. रगनि | ० | ५ |
| ९ | श्री मेशेल्मी आ.वि. पोखरी | १ | ५ |
| १० | श्री चण्डेश्वरी मा.वि, माझगाउँ | १ | ५ |
| ११ | श्री सन्सारी आ.वि. मुलगाँउ | १ | १० |
| १२ | श्री कुण्डली मा.वि, कातिसञ्जोर | २ | ८ |
| १३ | श्री सरस्वति आ.वि पिपलडाडा | २ | २६ |
| १४ | श्री माहादेव आ.वि. चर्नालु | १ | ९ |
| १५ | श्री जनज्योति आ.वि. निभारे | १ | १७ |
| १६ | श्री फूलमति मा.वि.,फलाटे | १ | १७ |
| १७ | श्री थामथोले आ.वि. चुप्लुभञ्ज्याङ | १ | ३ |
| १८ | श्री चम्पादेवि आ.वि. वन्से | १ | ११ |
| १९ | श्री ज्ञानप्रकाश आ.वि, लट्टे | १ | ११ |
| २० | श्री आदर्शआ.वि. थारे | ० | ० |
| २१ | श्री जनज्योति आ.वि. दुब्ले | १ | ८ |

| | | | |
|---|---|---|---|
| २२ | श्री चम्पादेवि आ.वि. महभिर | १ | ७ |
| २३ | श्री दिम्बा आ.वि भित्ते | ० | ० |
| २४ | श्री रञ्जनादेवी आ.वि, रावादोलु | २ | १४ |
| २५ | श्री हिमगंगा मा.वि. रावादोलु | १ | ४ |
| २६ | श्री कुन्तादेवी आ.वि. रावादोलु | १ | ३ |
| २७ | श्री हिमालयन आ.वि. हिले | १ | २ |
| २८ | श्री बुद्धआ.वि , धुपिसुर्के | १ | ४ |
| २९ | श्री भुसिङ्गा आ.वि, पिके | १ | १० |
| ३० | श्री देम्बाहिल आ.वि. भुसिंगा | १ | ४ |
| ३१ | श्री सरस्वती आ.वि, रावा | १ | ७ |
| ३२ | श्री सिद्धार्थ सामुदायिक आ.वि. भुसिंगा | १ | ८ |
| ३३ | श्री शिवालय मा.वि. छेर्मादिङ | १ | १८ |
| ३४ | श्री माहादेव आ.वि. ताउर | ० | ० |
| ३५ | श्री जनताआ.वि. दोराखर्क | ० | ० |
| ३६ | श्री पिकेआ.वि. फाप्रे | १ | ९ |
| | जम्मा | ३४ | २८९ |

निर्देशिका अनुसार एक कक्षामा २५ जना सम्म बालबालिका वरावर एक सहजकर्ता राख्नुपर्ने प्रावधान भए तापनि धेरै विद्यालयहरूले यो मापदण्डको पालना नगरी २५ भन्दा कम विद्यार्थी भएका कक्षामा पनि एकभन्दा बढी बालविकास सहजकर्ताहरू नियुक्त गरेका छन्, जसकारण सरकारी खर्चमा अनावश्यक भार परेको छ। कतिपय विद्यालयहरूमा बालबालिका नभए पनि सहजकर्ताहरू राखिएका छन् र केही ठाउँमा विद्यार्थी संख्या न्यून हुँदा पनि सहजकर्ताको व्यवस्थापन भएको देखिन्छ। पालिकाले प्रारम्भिक बालविकास सहजकर्ताहरूको संख्या पुनरावलोकन गरी थप व्ययभार घटाउनु पर्दछ ।

## ६३ विद्यालयगत निकासा रजिष्टर

शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार विद्यालयलाई निकासा दिएको अनुदान भिडान हुने गरी विद्यालयगत रुपमा निकासा रजिष्टर राख्नु पर्दछ । पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी विद्यालयगत निकासा रजिष्टर खाता राखी अनुदान निकासा दिने प्रणालि अवलम्वन गरेको देखिएन । अनुदान रकम नियन्त्रण गर्न विद्यालयगत निकासा अभिलेख राख्नु पर्दछ ।

६४ **शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS)**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा उल्लेख भए अनुसार IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको वास्तविक तथ्याङ्कसँग सत्यापन (भिडान) गराई, शिक्षा अधिकृतबाट प्रमाणित गरी सोही आधारमा विद्यालयहरूलाई छात्रवृत्ति (छात्रा तथा दलित कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रू. ४००।- का दरले, शैक्षिक सामग्री तथा बुक कर्नर व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रू. १५०।- का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रू. २००।- का दरले, प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रू. ५००।- का दरले, कक्षा ८ को परीक्षा सञ्चालनका लागि प्रति विद्यार्थी वार्षिक रू. २७५।- का दरले, र दिवा खाजा बाल विकास कक्षादेखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रू. १५।- का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ। कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको वास्तविक तथ्याङ्कसँग सत्यापन गरेको पाइएन। यसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा भएको छैन भन्न सकिने आधार भएन । IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको वास्तविक तथ्याङ्कसँग सत्यापन गरी भिडान गरेर मात्र वास्तविक संख्या अनुसार निकासा दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

६५ **बढी निकासा**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६६ **विद्यालय अनुगमन**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा सामुदायिक विद्यालयलाई निकासा दिएकोमा अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाइएन । पालिकाले विद्यालयहरुलाई यस आ.व. मा छात्रवृत्ति बापत रु. ४,९८,८००।००, निशुल्क पाठ्यपुस्तक बापत रु. १४,४७,०१२।०० र बुक कर्नर स्थापनाको लागि रु. १५,९२,२५४।०० समेत गरी कुल रु. ३५,३८,०६६।०० निकासा दिएको छ । अनुदान रकम तोकिएको कार्यमा खर्च भएको, दोहोरो निकासा भए नभएको सम्बन्धमा सुनिश्चित गर्ने तर्फ पालिकाले निरन्तर अनुगमन मूल्यांकन गर्नुपर्दछ । यस सम्बन्धी देखिएका थप व्यहोराहरु देहायअनुसार छन्

६६.१ (१७७-२०८१-३-१८):

**अपाङ्ग छात्रवृत्ति वितरण**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६६.२ (१७३-२०८१-३-१७):

**पाठ्यपुस्तक बढी निकासा**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **६५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **२,८१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६६.३ (१७७-२०८१-३-१८):

**छात्रवृत्ति बढी निकासा** –सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि गैर आवासिय छात्रवृति अनुदानको सम्बन्धमा शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. ४.२ मा IEMIS मा प्रविष्ट तथ्यांकलाई विद्यार्थीहरुको यथार्थ तथ्यांकसँग सत्यापन प्रमाणित गरी सोका आधारमा छात्रवृत्ति रकम अनुदान दिनुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमका विद्यालयलाई छात्रवृत्ति वितरण गर्दा IEMIS मा भएको विद्यार्थी संख्या भन्दा बढी संख्यामा छात्रवृती भुक्तानी गरेको देखियो । उक्त छात्रवृत्ती वितरणको भरपाई समेत लेखापरीक्षणको क्रममा प्राप्त हुन आएन । पालिकाले IEMIS मा भएको विद्यार्थी संख्या भन्दा बढी संख्यामा छात्रवृती भुक्तानी गरेको रकम सम्बन्धित शाखाले यकिन गरेर सम्बन्धित विद्यालयबाट फिर्ता गरी संघिय संचितकोषमा दाखिला गर्नुपर्ने रु.

| **विद्यालयको नाम** | **IEMIS मा भएको विद्यार्थी संख्या** | **छात्रवृत्ति वितरण संख्या** | **बढी संख्या** | **दर** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|
| श्री जनज्योती आ.वि., दुब्ले | ४ | १९ | १५ | ४०० | ६००० |
| श्री कुन्तादेवी आ.वि. रावादोलु | ० | २ | २ | ४०० | ८०० |
| | **जम्मा** | | | | ६८०० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **६,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,८०० |

६६.४ (१८२-२०८१-३-१८):

**डिजिटल सिकाइ सामग्री** -सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामाग्री तथा डिजिटल सिकाइ सामाग्रीका व्यवस्थापनका लागि अनुदानको सम्बन्धमा शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.५० अनुसार शिक्षा अधिकारीवाट एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS), प्रमाणित सत्यापनका आधारमा विद्यालयको बाल विकास कक्षा, कक्षा १-५, कक्षा ६-८, कक्षा ९-१० र कक्षा ११-१२ का विद्यार्थी संख्या गणना गरी तोकिएको दरमा एकमुष्ठ अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले देहाय बमोजिमका विद्यालयलाई प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामाग्री तथा डिजिटल सिकाइ सामाग्री अनुदान वितरण गर्दा IEMIS मा भएको विद्यार्थी संख्या भन्दा बढी संख्यामा निकासा गरेको देखियो । पालिकाले IEMIS मा भएको विद्यार्थी संख्या भन्दा बढी संख्यामा निकासा गरेको रकम सम्बन्धित शाखाले यकिन गरेर सम्बन्धित विद्यालयबाट फिर्ता गरी संघिय संचितकोषमा दाखिला गर्नुपर्ने रु.

| **विद्यालयको नाम** | **कक्षा** | **IEMIS मा भएको विद्यार्थी संख्या** | **निकासा संख्या** | **बढी संख्या** | **दर** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|---|
| श्री चण्डेशवरी मा.वि, पोल्थली | वाल कक्षा | ९ | १४ | ६ | ५०० | ३००० |
| श्री चण्डेशवरी मा.वि, पोल्थली | ११-१२ | ० | १०५ | १०५ | २५० | २६२५० |
| **जम्मा** | | | | | | **२९२५०** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **३४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **१,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **२,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २९,२५० |

६७ **दिवा खाजा**

६७.१ शिक्षा तथा मानव श्रोत विकास केन्द्रवाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्वन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप २.७.११.१ अनुसार, स्थानीय तहहरूले विद्यालयलाई दिवा खाजा कार्यक्रमका लागि अनुदान उपलब्ध गराउँदा गाउँपालिकाले "दिवा खाजा सञ्चालन कार्यविधि २०७७" अनुसार खाजा व्यवस्थापनको प्रक्रिया मिलाउनुपर्नेछ। स्थानीय तहले खाजा उपलब्ध गराएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिन समेत) को प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्याको यकिन भएपछि मात्र पालिकाले त्रैमासिक रुपमा अनुदान उपलब्ध गराउने व्यवस्था छ। यस आर्थिक वर्षमा पालिका मातहतका ३७ विद्यालयलाई दिवा

खाजा बापत रू. २७,२५,८९०।- निकासा गरिएको छ। पालिकाले विद्यालय खुलेको अवधि र विद्यार्थीलाई खाजा खुवाएको दिन सुनिश्चित हुने प्रमाण तथा बिल भरपाई पेश गरेको छैन। कार्यक्रम कार्यान्वयन पुस्तिका र मापदण्ड विपरित विद्यालयले विद्यार्थिलाई नगदै वितरण गरेको भरपाईका आधारमा भुक्तानी गरिएको देखियो। यसबाट उपस्थिति भएको दिनको हिसाबले खाजा खुवाइएको भन्ने ठोस आधार देखिएको छैन। कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था तथा दिवा खाजा सञ्चालन कार्यविधि अनुसार खाजा खुवाएको प्रमाणित हुने बिल भरपाई प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई पालिकामा पेश गर्ने र सोको आधारमा रकम निकासा दिने व्यवस्था कार्यान्वियन गर्नुपर्दछ। यस सम्बन्धी देखिएका थप व्यहोराहरु देहायअनुसार रहेको छ ।

६७.२ **बढी निकासा** - कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं.२.७.११.१ मा विद्यालयमा प्रत्यक्ष कक्षा सञ्चालनमा रहेको दिनका लागि सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका विद्यालयगत तथ्यांकका आधारमा प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले १८० दिनको दिवा खाजाका लागि विद्यालयलाई अनुदान निकासा दिने व्यवस्था छ । पालिकाले देहायका विद्यालयहरुलाई दिवा खाजा बापतको रकम निकासा गरेको श्रेस्ता परिक्षण गर्दा IEMIS मा भएको विद्यार्थी संख्यालाई आधारमानी गणना गर्दा निकासा दिनुपर्ने रकम भन्दा बढी रकम निकासा गरेको छ । बढी दिवा खाजा निकासा दिएको रकम असुल गर्नुपर्ने रु.

| **विद्यालयको नाम** | **IEMIS मा भएको विद्यार्थी संख्या** | **खाजा माग भएकोदिन** | **हुनुपर्ने निकासा** | **निकासा रकम** | **बढी निकासा** |
|---|---|---|---|---|---|
| श्री चुली आ.वि. गैरागाउँ,रगनी | ४१ | १८० दिन | ११०७०० | १२६२२५ | १५५२५ |
| श्रीखाडाँदेवी आ.वि. पोखरी रगनी | १७ | ९० दिन | २२९५० | ३०१८० | ७२३० |
| **जम्मा** | | | | | **२२७५५** |

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **२,११५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **६,१५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,७५५ |

६८ **प्राविधिक धार अनुदान** (१८२-२०८१-३-१८):

शिक्षा तथा मानव श्रोत विकास केन्द्रवाट कार्यान्वियन हुने कार्यक्रमसँग सम्वन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार शिक्षण सिकाई सामग्री तथा ल्याव असिस्टेन्ट, ल्याव सामाग्री र उपकरणको लागी कक्षा ९-१२ का विद्यार्थीहरुलाई प्रति विद्यार्थी रु.१५००० का दरले निकासा गर्ने र विद्यालयले विद्यार्थी निर्वाह खर्चका लागी व्यवहारीक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागी प्रति विद्यार्थी रु.१००० का दरले सम्वन्धित विद्यार्थीको बैंक खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । श्री फूलमति मा.वि., फलाटेमा ६६ जनाको रु. १५००० का दरले जम्मा रु. ९,९०,०००।- निकासा गरेको छ । पालिकाले विद्यार्थी संख्या यकिन गरी सत्यापन नगर्नुका साथै अनुदान रकम तोकिएको कार्यमा खर्च भए नभएको, विद्यार्थी निर्वाह खर्चका लागी व्यवहारीक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागी सम्वन्धित विद्यार्थीको बैंक खातामा रु.१००० का दरले।- उपलब्ध भए नभएको सम्बन्धमा अनुगमन मुल्याङ्कन गरेको पाइएन । पालिकाबाट निकासा दिएको अनुदान रकमबाट तोकिएको कार्यक्रम सञ्चालन गरी खर्चको सुनिश्चितता हुनुपर्दछ ।

६९ **सामाजिक तथा आर्थिक लेखापरीक्षण प्रतिवेदन**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रवाट कार्यान्वियन हुने कार्यक्रमसँग सम्वन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप २.७.११.१ को बुँदा ५.४ मा सामाजिक परीक्षण गरिएको मति IEMIS मा अद्यावधिक गरि सोही प्रणालीबाट रिपोर्ट कार्ड प्रिन्ट गर्ने गरेका विद्यालयहरूलाई मात्र आर्थिक तथा सामाजिक लेखापरीक्षणको लागी आधारभुत तहमा सञ्चालित विद्यालयलाई

रु.१५,०००.०० र माध्यमिक तहमा सञ्चालित विद्यालयलाई रु. २०,०००.०० का दरले निकासा दिन सकिने व्यवस्था छ । पालिकाले देहायका विद्यालयलाई सामाजिक तथा आर्थिक लेखापरीक्षण प्रतिवेदन नगरेको अवस्थामा समेत सो क्रियाकलापमा रकम भुक्तानी गरेको पाइयो । कार्यान्वयन मार्गदर्शनमा भएको व्यवस्था पालना नगरी खर्च गरेको उक्त रकम नियमसम्मत नदेखिएकोले विद्यालयले अनुदान रकमबाट तोकिएको कार्य गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रु.

| **विद्यालयको नाम** | **ठेगाना** | **रकम भुक्तानी** |
|---|---|---|
| श्री पञ्चकन्या आ.वि. | रगनी | १५००० |
| श्री सरस्वती आ.वि. | पिपलडाँडा | १५००० |
| श्री महादेव आ.वि. | चर्नालु | १५००० |
| श्री आदर्श आ.वि. | थारे | १५००० |
| श्री जनज्योती आ.वि. | दुब्ले | १५००० |
| श्री शिवालय मा.वि. | छेर्मादिङ | २०००० |
| श्री जनता आ.वि. | दोराखर्क | १५००० |
| श्री ग्याल्जेन लामा स्मृति | मेहेले | १५००० |
| **जम्मा** | | **१२५०००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२५,००० |

## ७० स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्थानीय तहले विद्यालयहरुसँग समन्वय गरी विद्यालयको आवश्यकता, बजारमा प्याडको उपलब्धता, प्याडको उत्पादन तथा प्रयोग गर्ने मिति, स्थानीय तह तथा विद्यालयहरुमा भण्डारण क्षमता जस्ता पक्षलाई मध्यनजर गरी स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । पालिकाले सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरण गर्न पालिकाले आर्या जनरल सप्लायर्सबाट १२२५० थान प्रति प्याकेट रु. ६८।९३ का दरले स्यानिटरी प्याड रु. ८४४३९२।- (मु अ कर समेत) मा खरिद गरेको छ । पालिकाले प्याड खरिद गर्दा गत विगतको खपतलाई आधार मानी पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुको संख्या शिक्षा शाखाबाट माग एकिन गरी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा सो अनुसार खरिद गरेको पाइएन । IEMIS मा भएको विद्यार्थी संख्या अनुसार पालिकामा कक्षा ६-१२ सम्म ६८७ छात्रा अध्ययनरत रहेको पाइयो । पालिकाले स्यानिटरी प्याड खरिद गर्दा शिक्षा शाखाको माग बेगर वर्षान्तमा खरिद गरि वितरण नगरी भण्डार शाखामा मौज्दात राखेको देखिन्छ । खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी आउन सक्ने हुँदा पालिकाले मौज्दात सेनिटरी प्याडको सुरक्षित भण्डारण गरी विद्यालयको माग अनुसार निकासा दिने, तोकिएअनुसार वितरण भए नभएको र वितरणको अभिलेख व्यवस्थित राखेनराखेको अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दात यकिन गरी आगामी वर्षकोलागि आवश्यक खुद परिमाण यकिन गरी आवश्यक परिमाणमामात्र खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ । साथै माग संकलन बेगर खरिद गरेको स्यानिटरी प्याडहरु विद्यालयलाई हस्तान्तरण गरी खर्च सुनिश्चित हुनुपर्दछ ।

## ७१ शैक्षिक क्षेत्र अनुदान

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था बमोजिम यस वर्ष रु. १०,०६,५२,४२८।०० निकासा खर्च भएको छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई

शिक्षक व्यवस्थापन गर्ने गरी शिक्षण सहयोग अनुदान दिन सकिने व्यवस्था छ । पालिकाले सोही कार्यक्रम अनुरुप यस वर्ष माध्यमिक विद्यालय शिक्षण सहयोग अनुदानमा रु. ५०,४१,२०६।००, र आधारभुत विद्यालय शिक्षण सहयोग अनुदानमा रु. १३,५४,०००।०० निकासा खर्च लेखेको छ । पालिकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि शैक्षिक कार्यविधि, २०७५ तयार गरी लागु गरेको छ । पालिकाले सोही कार्यविधि बमोजिम देहायका १५ विद्यालयलाई शैक्षिक गुणस्तर वृद्धि अनुदानबापत राजस्व बाँडफाँड श्रोतबाट रु. ४९,००,०००।०० खर्च लेखेको छ । प्रत्येक वर्ष यस प्रकृतिका कार्यक्रममा बजेट विनियोजन गरी खर्च गरेकोमा पालिकाले उक्त खर्चको उपलब्धी तथा प्रभावकारीता सम्बन्धी कुनै अध्ययन वा अनुगमन भए गरेको पाइएन । आन्तरिक श्रोत तथा राजश्व बाँडफाड बापत स्रोत अनुमान भन्दा न्युन प्राप्ति भएको कारण जनाई पालिकाले सशर्त कार्यक्रमबाट रु. ३३,५९,२४९।०० सापटी लिएको अवस्था रहेकोमा आन्तरिक श्रोतबाट खर्च सुनिश्चितता नभई शिक्षण सहयोग अनुदान वितरण गर्ने कार्यमा पुनर्विचार गरी नियन्त्रण गर्नुपर्ने देखियो।

| क्र.स | विद्यालयको नाम | अनुदान निकासा रकम |
|---|---|---|
| 1 | श्री नर्मदेश्वर मा.वि, चप्लेटी | ४००००० |
| 2 | श्री चुलीआ.वि. चप्लेटी | ३००००० |
| ३ | श्री बुद्धआ.वि, बौद्ध | ३००००० |
| ४ | श्री चण्डेशवरी मा.वि, पोल्थली | ३००००० |
| ५ | श्री चण्डेश्वरी मा.वि, माझगाउँ | ४००००० |
| ६ | श्री कुण्डली मा.वि, कातिसञ्जोर | ४००००० |
| ७ | श्री जनज्योति आ.वि. निभारे | ३००००० |
| ८ | श्री फूलमति मा.वि.,फलाटे | ३००००० |
| ९ | श्री चम्पादेवि आ.वि. वन्से | ३००००० |
| १० | श्री चम्पादेवि आ.वि. महभिर | ३००००० |
| ११ | श्री रञ्जनादेवी आ.वि, रावादोलु | ३००००० |
| १२ | श्री हिमगंगा मा.वि. रावादोलु | ३००००० |
| १३ | श्री भुसिङ्गा आ.वि, पिके | ३००००० |
| १४ | श्री शिवालय मा.वि. छेर्मादिङ | ४००००० |
| १५ | श्री जनताआ.वि. दोराखर्क | ३००००० |
| | **जम्मा** | **४९०००००** |

७२ **फर्निचर खरिद**

सार्वजनिक खरिद नियमावली,२०६४ नियम ११५ अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका सामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर वमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्ने गराउने र निरीक्षण तथा परीक्षण अनुसार प्राविधिक स्पेशिफिकेशन र गुणस्तर अनुसार आपुर्ति भएको देखिएमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS)मा नखप्ने सामानको हकमा म.ले.प. फारम नं ४०७ र खप्ने सामानको हकमा म.ले.प. फारम नं. ४०८ मा दाखिला गर्नु पर्ने र आवश्यकता अनुसार हस्तान्तरण फारम म.ले.प. फारम नं. ४०६ र खर्च तथा निकासा म.ले.प. फारम ४०४ अनुसार हस्तान्तरण तथा निकासा गरी जिन्सी सहायक खाता म.ले.प. फाराम नं. ४१२ समेत व्यवस्थित गरी राख्नु पर्दछ । पालिकाले निम्नानुसार सम्झौता अनुसार सामान आपुर्ति भएकोमा प्राविधिक स्पेशिफिकेशन र गुणस्तर वमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्ने प्रतिवेदन समावेश नगरी कार्यसम्पन्न पर्तिवेदन तयार गरेकोमा एकमुष्ट रुपमा हस्तान्तरण तथा अभिलेखाङ्कन गरेको देखियो । प्राप्त फर्निचर सम्झौतामा उल्लिखित

प्राविधिक स्पेशिफिकेशन र गुणस्तर वमोजिमका भएको निरीक्षण वा परीक्षण प्रतिवेदन प्राप्त भए पश्चात सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS)मा सामानको प्रकृति अनुसार खर्च भएर जाने जिन्सी खाता ( म.ले.प. फाराम नं ४०७) र खर्च भएर नजाने जिन्सी खाता(म.ले.प. फाराम नं. ४०८) मा दाखिला गरी आवश्यकता अनुसार हस्तान्तरण फारम (म.ले.प. फाराम नं. ४०६) हस्तान्तरण गरी वा खर्च तथा निकासा (म.ले.प. फारम ४०४) फाराम निकासा तथा खर्च जनाई जिन्सी सहायक खाता (म.ले.प. फाराम नं. ४१२) समेत व्यवस्थित गरी राख्नु पर्दछ ।

| भौचर नं. | कामको विवरण | फर्निचरको विवरण | खर्च |
|---|---|---|---|
| ९३।०८१।१।२५ | खिजिदेम्बा गाउँपालिकामा फर्निचर तथा फिक्स्चरको आपूर्ति | गाउँपालिकाको लागि पर्दा, कुर्चि, टेवल स्टिल दराज, वुक र्याक लगायत | २०७२६७८ |
| २७।०८१।३।२४ | खिजिदेम्बा आधारभूत अस्पताल र चण्डेश्वरी स्वास्थ्य चौकीमा फर्निचर तथा उपकरण खरिद | पर्दा, कुर्चि, टेवल स्टिल दराज, वुक र्याक, सोफा, वासिङ्ग मेशिन लगायत | १९८४६२६ |
| | **जम्मा** | | ४०५७३०४ |

७३ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा रु.१० लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने र रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने, सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटक वा पटक पटक गरी १० लाख भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पुँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई नियमावलीमा तोकिएको सीमाभन्दा बढी हुने गरी एउटै आपूर्तीकर्ता मार्फत सोझै खरिद गरेको देखियो । प्रचलित खरिद ऐन, नियमावली बमोजिम खरिद व्यवस्थापन गर्न पालिकाले ध्यान दिनु पर्दछ । नियमावलीमा भएको व्यवस्था उल्लघंन गरी सोझै खरिद गरेका केही उदाहरण देहायअनुसार छ । यस सम्बन्धी व्यहोरा अनुसूचीमा रहेको छ ।

**(विस्तृत विवरण बेरूजु दफा ७३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७४ **खरिदको आवश्यकता निर्धारण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ मा मालसामान खरिद सम्बन्धी कारवाही सुरु गर्नुअघि, खरिद माग प्राप्त गरी खरिदको परिमाण तयार गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक बजेट खर्च गर्दा आवश्यकताको पहिचान गरेर मात्र सामग्रीको खरिद गर्ने र खरिद गरेको सामग्री उचित प्रयोग गर्नुपर्दछ। गाउँपालिकाले निम्नानुसार क्यालेण्डर खरिद गर्दा नियमावलीमा व्यवस्था भए बमोजिम खरिद परिमाण स्वीकृत गरेको देखिएन । उस्तै प्रकृतीको सामग्री खरिद गर्नको आवश्यक्त पुष्टयाई बेगर पालिकाले वडा तथा पालिकातर्फ देहायअनुसार क्यालेण्डर छपाई खर्चमा रु. ४,५०,८७०।- खर्च गरेको छ । उक्त खरिद गरेको क्यालेण्डर PAMS मा दाखिला समेत नभएकोले खर्चको वास्तविकता यकिन गर्न सकिएन । पालिकाले विभिन्न वडा तथा कार्यालयतर्फ माग तथा औचित्य पुष्टि नगरी क्यालेण्डर खरिद गरेको खर्च नियमसम्मत नदेखिएको रु.

| भौ नं. र मिति | सामग्री खरिद | परिमाण | खर्च रकम |
|---|---|---|---|
| ४३२-०८१।३।२३ | २०८१ को क्यालेण्डर छपाई | ४००० | ३१८६६० |
| ३३१-०८१।३।१४ | वडा ३ को क्यालेन्डर छपाई | ६९५ | ५५३७० |
| ३४७-०८१।३।१७ | वडा ५ को क्यालेन्डर छपाई | ९६५ | ७६८४० |
| | **जम्मा** | | **४५०८७०** |

| | |
|---|---|
| अनियमित भएको | ४,५०,८७० |

७५ **अल्ट्रा ट्रायल रेस** (२३९-२०८१-२-१):

पर्यटन बोर्ड, नेपाल र खिजिदेम्बा गाउँपालिकाबिच अल्ट्रा म्याराथन कार्यक्रम संचालनको लागि सहकार्य गर्न भएको सम्झौताको बुँदा नं. ग (१) मा पर्यटन बोर्डले उक्त कार्यक्रमको प्रवर्द्धकको रुपमा रही रु. ६,३०,०००।०० सहयोग गर्ने उल्लेख छ । पालिकाले सोही सम्झौताको आधारमा थोलेदेम्बा म्याराथुन कार्यक्रम सञ्चालन गर्न ओखलढुंगा टुरिजम डेभलप्मेन्ट कमिटि सँग २०८०।११।१८ मा रु. १२ लाखको सम्झौता गरी कार्य सम्पन्नको आधारमा रु. ५,००,०००।०० भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छः

क) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा कामको आवश्यक्ता किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गरी रु. १० लाख रुपैया सम्मको काम सुचना प्रकाशन गरी प्रस्ताव माग गरी खरिद कार्य गर्न सक्ने व्यवस्था रहेको छ । सोही नियमावलीको नियम ९९(८) मा दश लाख रुपैया भन्दा बढी लागत अनुमान भएको काम गराउन खुला रुपमा आशयपत्र माग गरी परामर्श सेवा मार्फत खरिद प्रक्रिया अवलम्बन गर्नुपर्ने उल्लेख छ । पालिकाले उक्त कार्यक्रम सञ्चालन गर्न नियमावलीमा भएको व्यवस्था अनुसारको लागत अनुमान तयार नगरी ओखलढुंगा टुरिजम डेभलप्मेन्ट कमिटिको प्रस्तावको आधारमा सोझै सम्झौता गरेको पाइयो । साथै उक्त सम्झौतामा गैर सरकारी संस्थाको साझेदारी रकम, विज्ञापन दस्तुर असुली लगायतका विषय उल्लेख भएको छैन । पालिकाले नियमावलीमा भएको प्रक्रिया समेत पुरा नगरी, नियममा भएको व्यवस्था भन्दा बढी रकमको खरिद कार्य गरेको नियमसम्मत देखिएन ।

ख) पालिकाले पर्यटन बोर्ड, नेपालसँग भएको सम्झौता अनुरुप रु. ६,३०,०००।०० प्राप्त गरेको पाइएन । सम्झौता शर्तको कार्यान्वियन गर्न पालिकाले पहल गर्नुपर्ने देखिन्छ ।

७६ **ठेक्का व्यवस्थापन**

सार्वजनिक खरिद नियमावली,२०६४ नियम ११२ अनुसार रु. २० लाख भन्दा वढीको निर्माण कार्यमा विमा गराउनु पर्ने, नियम ११५ अनुसार सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर वमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्ने गराउने र निर्माण कार्यको हकमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको वोलपत्र सम्वन्धि कागजातमा निर्माण सामाग्रीको गुणस्तर, निर्माण कार्यको मापदण्ड लगायत समेटेर गुणस्तर आश्वस्तता योजना समावेश गरी वोलपत्र व्यवस्थापन गर्नु पर्दछ । पालिकाले निम्नानुसार वोलपत्र विधिवाट खरिद व्यवस्थापन गरेकोमा निर्माण कार्यको विमा गराउनु पर्ने, निर्माण सामाग्री तथा निर्माण कार्यको गुणस्तर परीक्षण गर्नु पर्ने गरी विल अफ क्वाण्टिटी निर्धारण गरेको देखिएन । पालिकाले वोलपत्र विधिवाट निम्नानुसार खरिद तथा निर्माण कार्य गरेकोमालागत अनुमानको भन्दा २०.५९ देखि ५०.४३प्रतिशतसम्म घटिमा सम्झौता भई भुक्तानी भएको छ ।

| ठेक्का नं. | कामको विवरण | निर्माणव्यवसायीको नाम र ठेगाना | लागत अनुमान (कन्टिन्जेन्सी वाहेक) | सम्झौता रकम | भुक्तानी | घटिप्रतिशत |
|---|---|---|---|---|---|---|
| १।०८०।८१ | साझाबारी चण्डीथान चुली महविर मोलुङ गा पा जोड्ने सडक स्तरोन्नती | अविरल कन्स्ट्रक्सन सप्लायर्स एण्ड इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | ६२७७७१७ | ३१६४४९२ | ३१६४१५४ | ४९.५९ |
| २।०८०।८१ | धारापानी ताउर छेर्मादिङ्ग टुक्सिन्दोक झाप्रे सडक स्तरोन्नति | अविरल कन्स्ट्रक्सन सप्लायर्स एण्ड इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि | ६२७७७७९ | ३३२६३४८ | ३३२४६४० | ४७.०१ |
| ३।०८०।८१ | खिजिचन्देश्वरी खिजिकाटी रवाडोलु भुसिङ्गा सडक निर्माण तथा स्तरोन्नति | जयकृष्ण बिल्डर्स प्रा. लि. | ९६५८०३२ | ४७८७६७४ | ४५७०८१२ | ५०.४३ |
| ४।०८०।८१ | आधारभुत पाँच शैयाको अस्पताल भवन | गाउँबेशी कन्स्ट्रक्सन प्रा.लि. | १११३०६०२ | ७५७९८०९ | ७४९६६६६ | ३१.९० |
| ५।०८०।८१ | वडा नं. ४ कार्यालय भवन निर्माण | अविरल कन्स्ट्रक्सन सप्लायर्स एण्ड इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि | ५२८७३८६ | ३८३५२५४ | ३८३३९७० | २७.४६ |
| ६।०८०।८१ | पाटलेखर्कमा कोल्ड स्टोरको जग्गा विकास, खिजिदेम्बा ५ | अविरल कन्स्ट्रक्सन सप्लायर्स एण्ड इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि | २८००९५३ | १६८४२५६ | १६३३९३९ | ३९.८७ |
| ७।०८०।८१ | खिजिचन्देश्वरी खिजिकाटी रवाडोलु भुसिङ्गा सडक निर्माण तथा स्तरोन्नति | थोले निर्माण सेवा एण्ड सप्लायर्स प्रा | ३३७०२८३ | १७६९१२८ | १७६८४३० | ४७.५१ |
| ८।०८०।८१ | आधारभुत पाँच शैयाको अस्पताल भवन | सुकदेव निर्माण सेवा | ३४७६०९९ | २३४९८६३ | २४१८०१८ | ३२.४० |
| Goods।१।०८०।८१ | खिजिदेम्बा गाउँपालिकामा फर्निचर तथा फिक्स्चरको आपूर्ति तथा वितरण | मनास्लु निर्माण सेवा | २९९९७३१ | २११२१४० | २०७२६७८ | २९.५९ |
| Goods।२।०८०।८१ | खिजिदेम्बा आधारभूत अस्पताल र चण्डेश्वरी स्वास्थ्य चौकीमा फर्निचर तथा उपकरण खरिद | जय कृष्ण विल्डर, मन्थली | २५००८०३ | १९८५९७५ | १९८४६२६ | २०.५९ |

पालिकाले तयार गरेको लागत अनुमान भन्दा ५०.४३ प्रतिशत घटीसम्ममा ठेक्का सम्झौता भई निर्माण सम्पन्न भएको देखिएको छ । उल्लेखित मध्ये केही कालोपत्रेको कार्य समावेश भएका सडक निर्माण तर्फ निर्माण व्यावसायीले नमुना उपलव्ध गराएको आधारमा नमुना परीक्षण गरेको प्रतिवेदन समावेश रहेको देखियो । नियमावली, सम्झौता तथा पूर्वाधार निर्माण सम्वन्धि मापदण्डमा तोकेको गुणस्तरमा खरिद कार्य सम्पादन भएको आश्वस्त हुने गरी वोलपत्र व्यवस्थापन भएको सुनिश्चितता हुनु पर्दछ । सम्पादन भएको निर्माण कार्य वोलपत्र व्यवस्थापनवाट न्यून लागतमै गुणस्तरीय रुपमा हुने भएमा नर्म्स समेत सम्वन्धित पुनरावलोकन गर्नुपर्ने देखिन्छ।

७७ **त्रुटि सच्याउने दायित्वको अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०७४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको प्रतिवेदन तयार गर्ने पर्ने र नियम १२५ मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन वमोजिम भएमा कार्य सम्पन्न

स्वीकृत गरी निर्माण व्यावसायीलाई समेत कार्यसम्पन्न प्रमाणपत्र दिनु पर्ने उल्लेख छ । पालिकाले सञ्चालन गरेका सार्वजनिक निर्माण कार्यहरुमा त्रुटि सच्याउने दायित्वको अवधि भित्र रहेका निर्माण योजनाको विवरण अद्यावधिक नगर्नुका साथै सम्पन्न भएको कार्यको स्वीकार प्रतिवेदन तयारी वेगर सम्पन्न प्रतिवेदन स्वीकृत गरेको देखियो । पालिकाले त्रुटि सच्याउने दायित्वको अवधि भित्र रहेका निर्माण योजनाको विवरण तयार गरी देखिएका त्रुटि निर्माण व्यवसायीलाई सुधार गर्न लगाई नियमावलीको व्यवस्था अनुसार कार्यसम्पन्न प्रमाणपत्र स्वीकृत हुनु पर्ने व्यवस्था कार्यान्वियन हुनु पर्दछ ।

७८ **गुणस्तर आश्वस्तता योजना**

संघ तथा प्रदेश सरकारले निर्धारण गरी स्थानीय तहले स्वीकृत तथा लागु गरेका निर्माण कार्यसँग सम्वन्धित निर्धारित मापदण्ड अनुसार योजना सञ्चालन भए नभएको सम्वन्धमा गुणस्तर आश्वस्तता योजना (Quality Assurance Plan) तयार गरी कार्यान्वियन गर्नु पर्दछ । ठेक्का सम्झौता समावेश गुणस्तर आश्वस्तता योजना (Quality Assurance Plan) अनुसार निर्माण कार्यमा प्रयोग भएका निर्माण सामाग्री तथा कार्यको गुणस्तर अनुगमन तथा परीक्षण गरी अभिलेख राखेको देखिएता पनि उपभोक्ता समितिवाट सम्पादन हुने निर्माण कार्यको लागि गुणस्तर आश्वस्तता योजना (Quality Assurance Plan) तयार भएको देखिएन । निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री तथा कार्यको गुणस्तर परीक्षणको लागि नमुना छनौट प्रकृया सुधार गर्ने र उपभोक्ता समितिवाट सम्पादन गरेका कार्यको समेत उपयुक्त गुणस्तर आश्वस्तता योजना तयार गरी अनुगमनका साथै निर्माण कार्यमा प्रयोग भएको निर्माण सामाग्री र कार्यको गुणस्तर सुनिश्चित हुनु पर्दछ ।

७९ **उपभोक्ता समितिको कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यत डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिकावाट स्वीकृत भएको लागत अनुमान र उपभोक्ता समितिसँग भएको सम्झौता अनुसार सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गरेका केही उदाहरण यसप्रकार रहेका छन । पालिकाले हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्यको लागि प्रतिश्पर्धात्मक खरिद विधि अवलम्वन गर्नु पर्ने देखिन्छ ।

| गो.भौ.नं. | आयोजना | उपभोक्ता समितिलाई भुक्तानी | व्यहोरा |
|---|---|---|---|
| ९४।०८१।३।७ | पसी शेर्पा रंगशाला निर्माण उपभोक्ता समिति | १७,२८,०००.०० | सडक खन्ने तथा ग्यावीन जालिको कार्य गर्ने |

८० **पालिका स्तरीय सडक मर्मत तथा सरसफाई**

सडक विभागवाट जारी भएको सडक तथा पुल सम्वन्धि दर विश्लेषण गर्ने मापदण्ड, २०७५ को वुदाँ नं. 9.1-1B अनुसार मेकानिकल माध्यमवाट सवै प्रकारको सडकको ३६० घनमिटरको माटो खन्ने कार्यको लागि १ दक्ष र ३ अदक्ष ज्यामि तथा हाइड्रोलिक एक्साभेटर ६ घण्टा लाग्ने उल्लेख रहेको र सडक विभाग यान्त्रिक महाशाखाको चलानी नं. ५०१।०७७।१२।३१ को पलान्ट र मेशिनरीको मापदण्ड तथा दर सम्वन्धि निर्देशिकामा प्रतिघण्टा १४.४ लिटर इन्धन लाग्ने उल्लेख छ ।यस पालिकाले यस वर्ष पालिका स्तरीय सडक मर्मत तथा सरसफाईको लागि रु. २५ लाख विनियोजन गरी रु. २२,५७,१९८.०० खर्च गरेको देखियो । पालिकाले १२०५७ लिटर डिजल र ५३ लिटर पेट्रोलमा निम्नानुसार रु. २०,३७,२२८.०० लगवुक समावेश गरी ईन्धन खर्च गरेकोमा भौतिक कार्य र लगवुक भिडान हुने गरी प्राविधिक पुष्ट्याई समावेश भएको देखिएन । पालिकाले उल्लेखित प्रकृतिका खर्च गर्दा प्राविधिक रुपमा गर्ने कामको परिमाण निर्धारण गरी तदनुरुप कार्य गराएर ईन्धन खर्चको पुष्ट्याँई हुने गरी आन्तरिक नियन्त्रण प्रणाली सुधार गर्नु पर्ने देखिन्छ ।

| गोश्वाराभौचर नं | डिजल (लिटर) | पेट्रोल (लिटर) | कुल खर्च (रु.) |
|---|---|---|---|
| २०।०८०।६।१० | १७४१ | ० | ३०४२२५ |
| ३४।०८०।६।२० | १६१३ | ० | २८८८३५ |
| ४१।०८०।७।२३ | १७३७ | ० | ३२२६५१ |
| ५०।०८०।९।१९ | २५० | ० | ४२४९९ |
| ५३।०८०।१०।४ | ८२७ | १५ | १३४८१० |
| ७४।०८०।११।१६ | १४८० | ० | २४५७६८ |
| १३७।०८१।३।२३ | १७०९ | ३८ | २५८३३४ |
| १४७।०८१।३।२३ | २७०० | ० | ४४०१०६ |
| **जम्मा** | **१२०५७** | **५३** | **२०३७२२८** |

८१ **झोलुङ्गे पुल**

नेपाल सरकारको पन्ध्रौँ आवधिक योजनामा स्थानीय पूर्वाधार विकास तर्फको अपेक्षित उपलब्धिमा कम्तीमा ३० मिनेटको हिँडाइको फेरोभित्र पूलको सुविधा पुग्ने गरी झोलुङ्गे तथा सडक पुल निर्माण भएको हुने अपेक्षा गरेको छ । पालिकाको क्षेत्र भित्र निर्माण भएका झोलुङ्गे पुलतथा ट्रस पुलको स्वामित्व तथा रेखदेखको जिम्मेवारी, मर्मत सम्भार प्रयोजनको लागि मापदण्ड तथा कार्यविधि रहेको देखिदैन। यस वर्ष पालिकाले २५ जना झोलुङ्गे पुलको हेरालुलाई कार्य विवरण पेश गरी मासिक रु. ५००.०० का दरले कुल रु. १,५०,०००.०० पुल हेरालु खर्च भुक्तानी गरेको छ ।पालिकाको क्षेत्र भित्र निर्माण भएका झोलुङ्गे तथा ट्रस पुलको स्वामित्व तथा रेखदेखको जिम्मेवारी एकिन गरी निर्मित पुलको मर्मत सम्भारको मापदण्ड तथा कार्यविधि वनाई नागरिकको सुरक्षित तरितराउको सुनिश्चितता हुनु पर्दछ ।

८२ **ट्रस व्रिज**

पालिकाको १३ प्रतिशत, समुदायको २ प्रतिशत र प्रदेशको ८५ प्रतिशत लागत साझेदारीमा ट्रस व्रिज निर्माण हुने गरेको छ । पालिकाले निम्नानुसार परियोजना लागत रु. ६९,४४,०८१.०० भएका २ ट्रस व्रिजमा उपभोक्ता मार्फत यस वर्ष रु. ५,९५,८६६.०० को कार्य सम्पन्न गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु. २०,५८,८३४.०० र २०७९।८० मा रु. २४ लाख खर्च भएकोमा विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयन भई पुलमा प्रयोग हुने लट्ठा तथा वोल्डर ग्रिप्स, स्टिल पार्ट्स लगायत सामाग्री प्रयोग भएको खुल्ने विवरण वा एकिकृत नापि किताव राखेको देखिएन । एकिकृत नापि किताव नराखेकोले पुल निर्माण गर्दा उपभोक्ता समितिलाई हस्तान्तरण भएको लट्ठा तथा वोल्डर ग्रिप्स, स्टिल पार्ट्स लगायत प्रयोग भएको सामाग्री सवै उपयोग भएको एकिन हुने अवस्था रहेको छैन । पुल सम्पन्न भए पश्चात पुल निर्माणको क्रममा उपभोक्ता समितिलाई हस्तान्तरण भएको सम्पुर्ण पुल निर्माणको सामाग्री उपयोग तथा वचत सम्वन्धी खुल्ने विवरण वा एकिकृत नापि किताव अद्यावधिक राख्नु पर्ने देखिन्छ।

| पुलको नाम | परियोना लागत | सम्झौता | सम्पन्न | २०८०।८१ को खर्च |
|---|---|---|---|---|
| साल्पु खोला पटपटे ट्रस पूल निर्माण | ३६७००८४ | २०७८।१२।७ | २०८०।२।६ | ४२५६१९ |
| काप्ती खोला ट्रस पूल निर्माण | ३२७३९९७ | २०७८।१२।७ | २०७९।१२ | १७०२४७ |
| जम्मा | ६९४४०८१ | | | ५९५८६६ |

८३ **कन्टिन्जेन्सी खर्च**

सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा अनुसूचि १ अनुसार वर्कचार्ज स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको र सो खर्च गर्दा कार्यविधि स्वीकृत गराई खर्च गर्नु पर्ने उल्लेख छ । पालिकाले पूँजिगत खर्च गर्दा कन्टिन्जेन्सी खर्च सम्वन्धमा कार्यविधि तयार नगरेको र कन्टिन्जेन्सी खर्च सम्वन्धित निर्माण कार्यमा प्रयोग भएको खुल्ने गरी अभिलेख राखेको देखिएन । पालिकाले संघीय र प्रदेश अनुदानमा सञ्चालन भएका योजनामा निम्नानुसार अनुगमन तथा सुचना प्रकाशन लगायतमा कन्टिन्जेन्सी खर्च भएको देखिएको छ । स्वीकृत कार्यविधिको आधारमा कन्टिन्जेन्सी खर्च खाता अभिलेखाङ्कन गरी निर्माणसँग प्रत्यक्ष सम्वन्धित कार्यमा मितव्ययी रुपमा कन्टिन्जेन्सी खर्च प्रयोग भएको सुनिश्चितता हुनु पर्दछ । यसका केही उदाहरण यस प्रकार छनः

| **वजेटशीर्षक** | **निर्माणमा भएकोखर्च रु.** | **कन्टिन्जेन्सीखर्च रु.** |
|---|---|---|
| संघीयविशेष अनुदान | १०९६०४२० | ५७३५४३ |
| संघीयसमपुरक अनुदान | ७३०५८९७ | २००००० |
| प्रदेशसमपुरक अनुदान | ९०५४१३५ | ४००००० |
| **जम्मा** | **२७३२०४५२** | **११७३५४३** |

८४ **संघीय समपुरक अनुदान तर्फ**

संघीय समपूरक अनुदान सम्वन्धी कार्यवविधि, २०७५ को दफा ३ अनुसारका क्षेत्र र रकमको सीमासम्म दफा ४(३) मा उल्लेखित आयोजना वा कार्यक्रम सञ्चालन गर्नु पर्ने आवश्यकता र प्राथमिकता पुष्ट्याँई, सम्भाव्यता अध्ययन प्रतिवेदन, कुल लागत, प्रतिफल वा लाभ तथा दिगोपन, ड्रइङ्ग, डिजाईन तथा स्पेसिफिकेशन सहितको विस्तृत विवरण लगायत विषय खुलाई अनुसूचि १ को ढाँचामा आयोजना तथा कार्यक्रमको लागि योजना आयोगमा प्रस्ताव पेश गर्नु पर्ने र दफा ५ अनुसारको छनौट समितिले कार्यक्रम तथा आयोजना छनौट गर्नु पर्ने उल्लेख छ । त्यस्तै कार्यविधिको दफा ६ अनुसार समितिले छनौट गरेको आयोजना तथा कार्यक्रम कार्यान्वियनको लागि कुल लागतको अधिकतम ५० प्रतिशतसम्म समपूरक अनुदान प्रदान गर्न सक्ने उल्लेख छ ।विनियोजन ऐन, २०८० को दफा ४(१२) अनुसार संघीय सरकारबाट वित्तीय हस्तान्तरण भएका सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले आयोजना वैंक तयार नगरेको र वहुवर्षिय तथा क्रमागत रुपमा कार्यान्वियन हुनु पर्ने सडक निर्माण तथा स्तरोन्नती कार्यको लागि विस्तृत परियोजना प्रतिवेदन तयार नगरी संघीय समपुरक अनुदान कार्यान्वियन भएको अवस्था छ । यस सम्वन्धमा देखिएका थप व्यहोरा निम्नानुसार रहेका छन् ।

८४.१ **कोटेशनको कार्यः** पालिकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ को भेरियशन आदेश सम्वन्धि व्यवस्था रहेको र सम्झौताको वोलपत्र सम्वन्धि कागजातको जि.सि.सि. को ३७.१ अनुसारको निश्चित आइटम तर्फको परिमाणको २५ प्रतिशतसम्म र सम्झौता अंकको २ प्रतिशत लागतसम्म थप कार्य भएमा सम्झौतामा परिवर्तन नगरी सम्झौता अनुसारको दरमा कार्य गराउन सक्ने व्यवस्था रहेको छ । उल्लेखित व्यवस्था अनुसार सुरु सम्झौतामा भेरियशन नगरी सोही सडकमा समपुरक अनुदानमा वचत वजेट साविक सडक खिजीचण्डेश्वरी-खिजीकाती-रावादोलु-भुसिंगा सडक निर्माण तथा स्तरोन्नती मै गर्नु पर्ने कार्य थप भएकोमा कार्यपालिकाको निर्णयको आधारमा नयाँ कार्यक्रम उल्लेख गरी लागत अनुमान कै हाराहारीमा कोटेशनवाट गराई गोश्वारा भौचर नं. ३७।०८१।३।२४ (संघीय समपुरक तर्फ) र १५१।०८१।३।२४ (गाउँपालिका तर्फ) वाट रु. ९,७०,३७७.०० भुक्तानी गरेको उपयुक्त देखिएको छैन । उदाहरणको रुपमा लागत अनुमान मू.अ. कर वाहेक रु. ४८४४.९५ भएको ढुंगाको विच्छयाउने कार्यको सम्झौतामा रु. २५०० रहेकोमा कोटेशनवाट रु. ४७००.०० मा गराएको देखिएको । ऐनमा भएको व्यवस्थाको उपयोग गरी मितव्ययी रुपमा सडक निर्माण कार्य गराउनु पर्दछ ।

| Descriptions | Unit | Estimated | | Bid Agreement Rate | Quotation | |
|---|---|---|---|---|---|---|
| | | Quantity | Rate | | Rate | Qty |
| Earthwork in Excavation in Roadway with Excavator machine in Ordinary Soil (OS,HS,BMS) | cum | 456.00 | 80.75 | 100.00 | 70 | 135 |
| Stone pitching work on the prepared granular bedding stone soling | cum | 608.00 | 4844.95 | 2500.00 | 4700 | 180 |

८४.२ **खिजीचण्डेश्वरी-खिजीकाती-रावादोलु-भुसिंगा सडक निर्माण तथा स्तरोन्नतीः** पालिकाले खिजीचण्डेश्वरी-खिजीकाती-रावादोलु-भुसिंगा सडक निर्माण तथा स्तरोन्नती गर्नको लागि संघीय समपुरक अनुदानमा रु. ५० लाख र स्थानीय समपुरकमा रु. ३५ लाख समेत रु. ८५ लाखको वजेट व्यवस्थापन गरी कार्यान्वयन गरेको छ । मूल्य अभिवृद्धि कर र कन्टिन्जेन्सी समेत रु.९९,९९,९१०.०० लागत अनुमान तयार गरी वोलपत्र व्यवस्थापन गरी रु.४५,७०,८११.०० मा कार्य गराई वचत वजेटवाट पुनः एक पटक ठेक्का र थप एक पटक कोटेशनवाट रु.४३,६८,०६४.०० को लागत अनुमान भएको कार्यमा रु.२७,३५,०८६.०० खर्च भई समग्रमा रु.१,४३,६७,९७४ लागत अनुमान भएको कार्यको लागि सडक निर्माणमा रु. ७३,०५,८९७.०० र कन्टिन्जेन्सी खर्चमा रु. २ लाख समेत रु. ७७,१२,७६१ खर्च गरेको देखियो । विनियोजन भएको वजेट अनुसार लागत अनुमान तयार गरी खरिद व्यवस्थापन गरी सम्झौता पश्चात वाँकी रहेको रकम संघीय सञ्चित कोष दाखिला हुनु पर्नेमा विस्तृत परियोजना प्रतिवेदन तयार भई वहुवर्षिय वा क्रमागत रुपमा कार्यान्वयन हुने गरी योजना स्वीकृत नभएको अवस्थामा कार्यक्रम संसोधन वेगर प्रतिस्पर्धात्मक लाभवाट वचत भएको वजेट पुनः सोही सडकमा विभिन्न कार्य गर्ने गरी कार्यपालिकावाट निर्णय गराई खर्च गरेको नियमित देखिएको छैन । प्राप्त वजेट अनुसार वोलपत्र व्यवस्थापन गरी सम्झौता र कन्टिन्जेन्सी खर्च पश्चात खर्च नभएको र अनुपातिक रुपमा न्यूनतम पालिकाले व्यहोर्नु पर्ने ५० प्रतिशत समेत गणना गरी वचत फिर्ता नगरेको नियमित नदेखिएको रु.

**रकम रु.**

| **क्र.सं.** | **ठेक्का नं.** | **लागत अनुमान (कन्टिन्जेन्सी समेत)** | **निर्माण व्यावसायी** | **सम्झौता रकम** | **जम्मा** | **भुक्तानी रकम** | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | **संघ** | **स्थानीय तह** |
| | **वजेट** | | | | **८५०००००** | **५००००००** | **३५०००००** |
| १ | ३।०८०।८१ | ९६५८०३२ | जय कृष्ण बिल्डर्स प्रा. लि. | ४७८७६७४ | ४५७०८११ | २५०५४३६ | २०६५३७५ |
| २ | ७।०८०।८१ | ३३७०२८३ | थोले निर्माण सेवा एण्ड सप्लायर्स प्रा. लि. | १७५८४२९ | १७६८४२८ | ८८४२१४ | ८८४२१४ |
| ३ | कोटेशन | ९९७७८१ | देम्बा ब्रदर्श कन्स्ट्रक्सन प्रा.लि. | ९६६६५८ | ९६६६५८ | ४८३३२९ | ४८३३२९ |
| ४ | गो.भौ. २।०८०।७।२३ | | कन्टिन्जेन्सीवाट रेड पान्डा एडलिंक प्रा.लि. लाई भुक्तानी | १३६४४७ | १३६४४७ | १३६४४७ | - |
| ५ | गो.भौ. ३४।०८१।०३।२३ | | कन्टिन्जेन्सीवाट खर्च भएको | ६३५५३ | ६३५५३ | ६३५५३ | - |
| | | | **जम्मा** | ७७१२७६१ | ७५०५८९७ | ४०७२९७९ | ३४३२९१८ |

| अनियमित भएको | १७,८७,५७४ |
|---|---|

८४.३ संघीय समपूरक अनुदान सम्वन्धी कार्यवविधि, २०७५ को दफा ६ अनुसार स्थानीय सञ्चित कोषवाट ५० प्रतिशतसम्म भुक्तानी हुनु पर्नेमा योजनामा सम्झौता अनुसार भुक्तानी र कन्टिन्जेन्सीमा कुल रु. ७५,०५,८९७.०० खर्च भएकोमा सोको ५० प्रतिशत रु.३७,५२,९४९.०० पालिकाको सञ्चितकोषवाट समेत खर्च व्यहोर्नु पर्नेमा रु. ३२००३१.०० घटी लागत व्यहोरेको देखियो । घटी व्यहोरेको रकम स्थानीय सञ्चित कोषवाट संघीय सञ्चित कोषमा फिर्ता दाखिला गर्नु पर्ने रु.

| प्रमाण पेश नगरेको | ३,२०,०३१ |
|---|---|

८५ **प्रदेश समपुरक अनुदान पुँजिगत तर्फ**

प्रदेश समपूरक अनुदान सम्वन्धी कार्यवविधि, २०७५ को दफा ३ अनुसारका क्षेत्र र रकमको सीमासम्म दफा ७ मा उल्लेखित आयोजना वा कार्यक्रम सञ्चालन गर्नु पर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याँई, सम्भाव्यता अध्ययन प्रतिवेदन, कुल लागत, प्रतिफल वा लाभ तथा दिगोपन, ड्इङ्ग, डिजाईन तथा स्पेसिफिकेशन सहितको विस्तृत विवरण लगायत विषय खुलाई, ऐ. दफा ८ अनुसार स्थानीय तहको आवधिक योजनामा समावेश गरी अनुसूचि १ को ढाँचामा आयोजना तथा कार्यक्रमको लागि प्रदेश आर्थिक तथा योजना मन्त्रालयमा प्रस्ताव पेश गर्नु पर्ने र दफा ८(क) अनुसारको छनौट समितिले कार्यक्रम तथा आयोजना छनौट गर्नु पर्ने उल्लेख छ । त्यस्तै कार्यविधिको दफा ८(ख) अनुसार समितिले छनौट गरेको आयोजना तथा कार्यक्रम कार्यान्वियनको लागि मन्त्रालयले कुल लागतको अधिकतम ६५ प्रतिशतसम्म समपूरक अनुदान प्रदान गर्न सक्ने उल्लेख छ । पालिकाले आयोजना वैंक तयार नगरेको र वहुवर्षिय तथा क्रमागत रुपमा कार्यान्वियन हुनु पर्ने सडक निर्माण तथा स्तरोन्नती कार्यको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार नगरी प्रदेश समपुरक अनुदान कार्यान्वियन भएको अवस्था छ । साथै कोशी प्रदेश विनियोजन ऐन, २०८० को दफा ४(१०) अनुसार प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भएका सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । ठेक्का लगाए पश्चात वचत वजेट फिर्ता नगरेको र अनुपातिक लागत सहभागिता नभएको सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

८५.१ **धारापानी ताउर छेर्मादिङ्ग टुक्सिन्दोक झाप्रे सडक स्तरोन्नतिः** यस वर्ष पालिकाले धारापानी ताउर छेर्मादिङ्ग टुक्सिन्दोक झाप्रे सडक स्तरोन्नति गर्न प्रदेश समपुरक अनुदानमा रु. ५० लाख र स्थानीय समपुरकमा रु. १५ लाख समेत रु. ६५ लाखको वजेट व्यवस्थान गरी कार्यान्वियन गरेको छ । मूल्य अभिवृद्धि कर र कन्टिन्जेन्सी समेत रु. ६५ लाखको लागत अनुमान तयार गरी वोलपत्र व्यवस्थापन गरी रु.३२,२८,९९८.०० मा कार्य गराई वचत वजेटवाट पुनः कोटेशनवाट सोही सडक थप कार्य गराई रु. ९,७०,३७६.०० समेत निर्माण कार्यमा रु. ४१,९९,३७४.०० र कन्टिन्जेन्सीमा रु. २ लाख समेत रु. ४३,९९,३७४.०० खर्च गरेको देखिएको छ । कोशी प्रदेश विनियोजन ऐन, २०८० को दफा ४(१०) अनुसार विनियोजन भएको वजेट अनुसार लागत अनुमान तयार गरी खरिद व्यवस्थापन गरी भुक्तानी पश्चात वाँकी रहेको रकम प्रदेश सञ्चित कोष दाखिला हुनु पर्नेमा विस्तृत परियोजना प्रतिवेदन तयार भई वहुवर्षिय वा क्रमागत रुपमा कार्यान्वियन हुने गरी योजना स्वीकृत नभएको अवस्थामा कार्यक्रम संसोधन वेगर वचत भएको वजेट पुनः सोही सडकमा विभिन्न कार्य गर्ने गरी कार्यपालिकावाट निर्णय गराई खर्च गरेको नियमित देखिएको छैन । वोलपत्र व्यवस्थापन गरी सम्झौता र कन्टिन्जेन्सी खर्च पश्चात खर्च नभएको र अनुपातिक रुपमा न्यूनतम पालिकाले व्यहोर्नु पर्ने ६५ प्रतिशत समेत गणना गरी प्रदेश संचितकोष फिर्ता नगरेको नियमित नदेखिएको रु.

| **ठेक्का नं.** | **लागत अनुमान (कन्टिन्जेन्सी समेत)** | **निर्माण व्यावसायी** | **सम्झौता रकम** | **जम्मा** | **भुक्तानी रकम** | |
|---|---|---|---|---|---|---|
| | | | | | **प्रदेश** | **स्थानीय तह** |
| **वजेट** | | | | ६५००००० | **५००००००** | **१५०००००** |
| २।०८०।८१ | ६५००००० | अविरल कन्स्ट्रक्सन सप्लायर्स एण्ड इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि | ३३२६३४९ | ३३२४६३९ | २१६१०१६ | ११६३६२३ |
| कोटेशनवाट थप कार्य | ९९९९९९ | साँघुटार खड्का कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. | ९७०४४३ | ९७०३७६ | ६३३९९९ | ३३६३७७ |
| गो.भौ. १९।२०।०८१।३।२३ | | कन्टिन्जेन्सी खर्च | ११०५०० | ११०५०० | ११०५०० | ११०५०० |
| गो.भौ. २१।०८१।३।२३ | | कन्टिन्जेन्सी खर्च | ८९५०० | ८९५०० | ८९५०० | ८९५०० |
| | | **जम्मा** | ४४९६७९२ | ४४९५०१५ | २९९५०१५ | १५००००० |

| अनियमित भएको | ९,४४,५०० |
|---|---|

८५.२ प्रदेश समपूरक अनुदान सम्वन्धी कार्यवविधि, २०७५ को दफा ८(ख) अनुसार स्थानीय सञ्चित कोषवाट ३५ प्रतिशतसम्म भुक्तानी हुनु पर्नेमा योजनामा सम्झौता अनुसार धारापानी ताउर छेर्मादिङ्ग ट्रुक्सिन्दोक झाप्रे सडक स्तरोन्नति तर्फ सम्झौता अनुसार भुक्तानी र कन्टिन्जेन्सीमा कुल रु. ४४,९५,०१५.०० खर्च भएकोमा सोको ३५ प्रतिशत रु.१५,७३,२५५.०० पालिकाको सञ्चितकोषवाट समेत खर्च व्यहोर्नु पर्नेमा रु. ७३,२५५.०० घटी व्यहोरेको देखियो । घटी व्यहोरेको रकम स्थानीय सञ्चित कोषवाट प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्ने रु.

| प्रमाण पेश नगरेको | ७३,२५५ |
|---|---|

८५.३ **कोटेशनको कार्यः** पालिकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ को भेरियशन आदेश सम्वन्धि व्यवस्था रहेको र सम्झौताको वोलपत्र सम्वन्धि कागजातको जि.सि.सि. को ३७.१ अनुसारको निश्चित आइटम तर्फको परिमाणको २५ प्रतिशतसम्म र सम्झौता अंकको २ प्रतिशत लागतसम्म थप कार्य भएमा सम्झौतामा परिवर्तन नगरी सम्झौता अनुसारको दरमा कार्य गराउन सक्ने व्यवस्था रहेको छ । उल्लेखित व्यवस्था अनुसार सुरु सम्झौतामा भेरियशन नगरी सोही सडकमा प्रदेश समपुरक अनुदानमा वचत वजेट साविक सडकधारापानी ताउर छेर्मादिङ्ग ट्रुक्सिन्दोक झाप्रे सडक स्तरोन्नति मै गर्नु पर्ने कार्य थप भएकोमा कार्यपालिकाको निर्णयको आधारमा नयाँ कार्यक्रम उल्लेख गरी लागत अनुमान कै हाराहारीमा कोटेशनवाट गराई गोश्वारा भौचर नं. १८।०८१।३।२० (प्रदेश समपुरक तर्फ) र १३४।०८१।३।२० (गाउँपालिका तर्फ) वाट रु. ९,७०,३७७.०० भुक्तानी गरेको उपयुक्त देखिएको छैन । उदाहरणको रुपमा मू.अ. कर वाहेक लागत अनुमान रु. ७०७६.९० भएको ग्याविनको कार्य सम्झौतामा रु. ३०००.०० रहेकोमा कोटेशनवाट रु. ७०५०.०० मा २५.५० घनमिटर कार्य र लागत अनुमान रु. १३९७.१ भएको मेशिन प्रयोग गरी कडा चट्टानको कार्य सम्झौतामा रु. १०० रहेकोमा कोटेशनवाट रु. १३८०.०० मा गराएको देखिएको । ऐनमा भएको व्यवस्थाको उपयोग गरी मितव्ययी रुपमा सडक निर्माण कार्य गराउनु पर्दछ ।

| Descriptions | Unit | Estimated | | Bid Agreement Rate | Quotation | |
|---|---|---|---|---|---|---|
| | | Quantity | Rate | | Rate | Qty |
| Earthwork in Excavation in Roadway with Excavator machine in Ordinary Soil (OS,HS,BMS) | cum | 31827.25 | 80.75 | 54.00 | 77 | 4825.69 |
| Earthwork in Excavation in Roadway with Excavator machine in Ordinary Soil (OS,HS,BMS) | cum | 427.50 | 242.24 | 100.00 | 0 | 0 |
| Earthwork in Excavation in Roadway with Excavator machine in Hardrock (excavation with breaker use) | cum | 52.50 | 1397.1 | 100.00 | 1380 | 225 |
| Complete box of machine-made gabion for site protection works including filling with stones and supply to the site (Hexagonal Mesh Size: 100mm*120mm, selvedge wire-3.9mm, mesh wire-3mmg &lacing wire-2.4mm all heavy coated) all complete work. | cum | 246.00 | 7076.9 | 3000.00 | 7050 | 25.50 |
| Stone pitching work on the prepared granular bedding stone soling | cum | 208.00 | 4845 | 2000.00 | 0 | 0 |
| Earthwork in back filling at backside ofgabion work with excavated earth with watering and proper compaction work all complete as per specification and instruction. | cum | 230.00 | 260.59 | 100.00 | 250 | 15.75 |

## ८६ आधारभुत पाँच शैयाको अस्पताल भवन निर्माण

८६.१ **आधारभुत पाँच शैयाको अस्पताल भवनः** विशेष अनुदान सम्वन्धी कार्यवविधि, २०७५ को दफा ३ अनुसारका क्षेत्र र आधारमा दफा ४(३) मा उल्लेखित आयोजना वा कार्यक्रम सञ्चालन गर्नु पर्ने आवश्यकता र प्राथमिकता पुष्ट्याँई, सम्भाव्यता अध्ययन प्रतिवेदन, कुल लागत, प्रतिफल वा लाभ तथा दिगोपन, ड्रइङ्ग, डिजाईन तथा स्पेसिफिकेशन सहितको विस्तृत विवरण लगायत विषय खुलाई अनुसूचि १ को ढाँचामा आयोजना तथा कार्यक्रमको लागि योजना आयोगमा प्रस्ताव पेश गर्नु पर्ने र दफा ५ अनुसारको छनौट समितिले कार्यक्रम

तथा आयोजना छनौट गर्नु पर्ने उल्लेख छ । गाउँ कार्यपालिकाको २०७९।९।६ को निर्णयानुसार आधारभूत पाँच शैयाको अस्पताल भवन निर्माण खिजीदेम्वा गाउँपालिका ५ आयोजना उल्लेख गरी नेपाल सरकार स्वास्थ्य मन्त्रालयवाट आधारभुत अस्पताल भवन निर्माण कार्य सम्पन्न भएको तर सोमा अभाव भएकोले आवश्यक स्वास्थ्य सामाग्रीहरु खरिद गरी अस्पताल भवन सञ्चालन गर्न पहिलो प्राथमिकतामा रहेको उल्लेख गरी रु. ५ करोडको वजेट प्रस्ताव पेश गर्ने निर्णय गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा आधारभुत पाँच शैयाको अस्पताल भवन निर्माण खिजिदेम्वा गाउपालिका ५ समावेश गरी रु. १ करोड १५ लाख प्राप्त गरेको देखियो । पालिकाले योजना आयोगमा पेश गरेको प्रस्ताव सहितको पत्राचार लेखापरीक्षणको क्रममा पेश नभएको तर गाउँ कार्यपालिकाले खुलाएको पुष्ट्याँईसँग स्वीकृत कार्यक्रम फरक परेको देखिएको छ । पालिकाले गाउँपालिकामा प्रस्ताव पेश गर्दा स्पष्ट रुपमा योजना तथा कार्यक्रम पुष्ट्याई हुने गरी स्वीकृत गरी पेश गर्नु पर्ने र योजना आयोगले समेत कार्यविधि अनुसार प्रस्ताव प्राप्त भएको सुनिश्चित भई योजना स्वीकृत गर्न ध्यान दिनुपर्ने देखिन्छ ।

८६.२ कार्यक्रम कार्यान्वयन अवस्थाः विनियोजन ऐन, २०८० को दफा ४(१२) अनुसार संघीय सरकारबाट वित्तीय हस्तान्तरण भएका सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्राप्त गरेको रु. १ करोड १५ लाख वजेट मध्ये निम्नानुसार लागत अनुमान रु. १,१४,९९,६१५.०० को आधारभुत पाँच शैयाको अस्पतालको नयाँ भवन ठेक्का व्यवस्थापन गरी गाउँबेशी कन्स्ट्रक्सन प्रा.लि.सँग रु. ७५,७९,८०८.०० मा निर्माण सम्झौता गरी रु. ७५,७७,३६९.०० मा सम्पन्न गरेको देखियो । प्रथम चरणमा भवन निर्माणमा रु. ७५,७७,३६९.०० र कन्टिन्जेन्सीमा रु. ३,५६,३६३.०० समेत रु. ७९,३३,७३२.०० खर्च भएकोमा वाँकी वजेट रु. ३५,६६,२६८.०० मध्ये पुनः लागत अनुमान रु. ३५,९९,१४७.०० को क्यान्टिन निर्माणको लागत अनुमान तयार गरी ठेक्का मार्फत सुखदेव निर्माण सेवासँग रु. २३,४९,८६३.०० मा सम्झौता गरी रु. २४,१८,०१८.०० मा निर्माण सम्पन्न गरेको र वाँकी वचतवाट सोही क्यान्टिन निर्माण कार्यमा कोटेशन मार्फत बि. आर्क इन्जिनियरिङ्ग सर्भिसेसवाट रु. ९,६५,०३३.०० को कार्य गराएको र सोमा वापत रु. २,१७,१८०.०० कन्टिन्जेन्सीमा खर्च गरेको देखिएको छ । कार्यवविधि भन्दा फरक तरिकाले कार्यक्रम समेत स्पष्ट नगरी वजेट विनियोजन भएको र विस्तृत परियोजना प्रतिवेदन सहित वहुवर्षिय तथा क्रमागत रुपमा कार्यक्रम स्वीकृत नभएको अवस्थामा प्रथम पटक वजेट वरावरकै लागत अनुमान तयार गरी कार्य भैसकेको अवस्थामा कार्यपालिकाको निर्णयको आधारमा कार्यक्रम संसोधन र खर्च स्वीकृति वेगर पुनः वजेट खर्च गरेको कार्यक्रम अनुसार नदेखिएको रु.

| **खरिद** | **लागत अनुमान रु. (कन्टिन्जेन्सी समेत)** | **खर्च विवरण** | **सम्झौता रु.** | **भुक्तानी रु.** |
|---|---|---|---|---|
| ४।०८०।८१ | ११४९९६१५ | गाउँबेशी कन्स्ट्रक्सन प्रा.लि.वाट नयाँ भवन निर्माण | ७५७९८०८ | ७५७७३६९ |
| | | फास्टेड मिडिया एजेन्सीलाई सुचना प्रकाशन भुक्तानी (गो.भौ.नं. २५।०८१।३।१०) | **३५६३६३** | **३५६३६३** |
| ८।०८०।८१ | ३५९९१४७ | सुखदेव निर्माण सेवावाट क्यान्टिन निर्माण-थप कार्य | २३४९८६३ | २४१८०१८ |
| कोटेशन | ९६७५४५ | बि. आर्क इन्जिनियरिङ्ग सर्भिसेसवाट क्यान्टिन निर्माण-थप कार्य | ९६७५४५ | ९६५०३३ |
| | | स्मार्टक्रिएटिभ मिडिया प्रा.लि.(गो.भौ.नं.२६।०८१।३।१०) | | **३५२४५** |
| | | कन्टिन्जेन्सी खर्च-विभिन्न अनुगमन लगायत खर्च(गो.भौ.नं.३४।०८१।३।२३) | | **१३१९३५** |
| | | कन्टिन्जेन्सी खर्च-दैनिक प्रशासन र अनुगमन खर्च (गो.भौ.नं.४०।०८१।३।२४) | | **५००००** |
| | **१६०६६३०७** | **जम्मा** | | **११५३३९६३** |

| अनियमित भएको | ३६,००,२३१ |
|---|---|

८७ **साझाबारी चण्डीथान चुली महविर मोलुङ गा पा जोड्ने सडक स्तरोन्नती**

८७.१ साझाबारी चण्डीथान चुली महविर मोलुङ गा पा जोड्ने सडक स्तरोन्नतीः यस वर्ष पालिकाले साझाबारी चण्डीथान चुली महविर मोलुङ गा पा जोड्ने सडक स्तरोन्नती गर्न प्रदेश समपुरक अनुदानमा रु. ५० लाख र स्थानीय समपुरकमा रु. १५ लाख समेत रु. ६५ लाखको वजेट व्यवस्थान गरी कार्यान्वियन गरेको छ । मूल्य अभिवृद्धि कर र कन्टिन्जेन्सी समेत रु. ६५ लाखको लागत अनुमान तयार गरी वोलपत्र व्यवस्थापन गरी रु.३१,६४,१५४.०० मा कार्य गराई वचत वजेटवाट पुनः कोटेशनवाट सोही सडकमा कार्य गराई रु. १३,२५,३०७.०० समेत निर्माण कार्यमा रु. ४७,५९,१२०.०० र कन्टिन्जेन्सीमा रु. २ लाख समेत रु. ४९,५९,१२०.०० कार्य गराएको देखिएको छ । कोशी प्रदेश विनियोजन ऐन, २०८० को दफा ४(१०) अनुसार विनियोजन भएको वजेट अनुसार लागत अनुमान तयार गरी खरिद व्यवस्थापन गरी भुक्तानी पश्चात वाँकी रहेको रकम प्रदेश सञ्चित कोष दाखिला हुनु पर्नेमा विस्तृत परियोजना प्रतिवेदन तयार भई वहुवर्षिय वा क्रमागत रुपमा कार्यान्वियन हुने गरी योजना स्वीकृत नभएको अवस्थामा कार्यक्रम संसोधन वेगर वचत भएको वजेट पुनः सोही सडकमा विभिन्न कार्य गर्ने गरी कार्यपालिकावाट निर्णय गराई खर्च गरेको नियमित देखिएको छैन । प्राप्त वजेट अनुसार वोलपत्र व्यवस्थापन गरी सम्झौता र कन्टिन्जेन्सी खर्च पश्चात खर्च नभई वाँकी वजेट र अनुपातिक रुपमा न्यूनतम पालिकाले व्यहोर्नु पर्ने ६५ प्रतिशत समेत गणना गरी प्रदेश कोष फिर्ता नगरेको नियमित नदेखिएको रु.

| **ठेक्का नं.** | **लागत अनुमान (कन्टिन्जेन्सी समेत)** | **निर्माण व्यावसायी** | **सम्झौता रकम** | **जम्मा** | **भुक्तानी रकम** | |
|---|---|---|---|---|---|---|
| | | | | | **प्रदेश** | **स्थानीय तह** |
| | | **वजेट** | | ६५००००० | **५००००००** | **१५०००००** |
| १।०८०।८१ | ६५००००० | अविरल कन्स्ट्रक्सन सप्लायर्स एण्ड इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि | ३१६४४९२ | ३१६४१५४ | २०५६७०० | ११०७४५४ |
| कोटेशन | १०२५०७४ | साँघुटार खड्का कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. | ९७४८११५ | ९७४१०२ | ६३३१६६ | ३४०९३६ |
| कोटेशन | ९७४८१५ | अविरल कन्स्ट्रक्सन सप्लायर्स एण्ड इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि | ८७६१३२ | ६२०८६४ | ५६९२५४ | ५१६१० |
| गो.भौ. २१।०८१।३।२३ | | कन्टिन्जेन्सी वाट खर्च | | ७७११३ | ७७११३ | ० |
| गो.भौ. २।०८०।८।१५ | | फास्टेक मिडिया एजेन्सी | | १२२८८७ | १२२८८७ | ० |
| | | **जम्मा** | **५०१५४३९** | **४९५९१२०** | **३४५९१२०** | **१५०००००** |

| अनियमित भएको | १३,२५,३०७ |
|---|---|

८७.२ प्रदेश समपूरक अनुदान सम्वन्धी कार्यवविधि, २०७५ को दफा ८(ख) अनुसार स्थानीय सञ्चित कोषवाट ३५ प्रतिशतसम्म भुक्तानी हुनु पर्नेमा योजनामा सम्झौता अनुसार साझाबारी चण्डीथान चुली महविर मोलुङ गा पा जोड्ने सडक स्तरोन्नती तर्फ सम्झौता अनुसार भुक्तानी र कन्टिन्जेन्सीमा कुल रु. ४९,५९,१२०.०० खर्च भएकोमा सोको ३५ प्रतिशत रु.१७,३५,६९२.०० पालिकाको स्थानीय सञ्चितकोषवाट खर्च व्यहोर्नु पर्नेमा रु. २,३५,६९२५५.०० घटी व्यहोरेको देखियो । घटी व्यहोरेको रकम स्थानीय सञ्चित कोषवाट प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्ने रु.

| प्रमाण पेश नगरेको | २,३५,६९२ |
|---|---|

८७.३ कोटेशनको कार्यः पालिकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ को भेरियशन आदेश सम्वन्धि व्यवस्था रहेको र सम्झौताको वोलपत्र सम्वन्धि कागजातको जि.सि.सि. को ३७.१ अनुसारको निश्चित आइटम तर्फको परिमाणको २५ प्रतिशतसम्म र सम्झौता

अंकको २ प्रतिशत लागतसम्म थप कार्य भएमा सम्झौतामा परिवर्तन नगरी सम्झौता अनुसारको दरमा कार्य गराउन सक्ने व्यवस्था रहेको छ । उल्लेखित व्यवस्था अनुसार सुरु सम्झौतामा भेरियशन नगरी सोही सडकमा प्रदेश समपुरक अनुदानमा वचत वजेट साविक साझाबारी चण्डीथान चुली महविर मोलुङ गा. पा. जोड्ने सडक स्तरोन्नतीमै गर्नु पर्ने कार्य थप भएकोमा कार्यपालिकाको निर्णयको आधारमा नयाँ कार्यक्रम उल्लेख गरी लागत अनुमानकै हाराहारीमा कोटेशनवाट गराई गोश्वारा भौचर नं. २४।०८१।३।२३ र (समपुरक तर्फ) र १४९।०८१।३।२३ (गाउँपालिका तर्फ) वाट रु. ६,२०,८६४.०० भुक्तानी गरेको उपयुक्त देखिएको छैन । ऐनमा भएको व्यवस्थाको उपयोग गरी मितव्ययी रुपमा सडक निर्माण कार्य गराउनु पर्दछ ।

| Descriptions | Unit | Estimated | | Bid Agreement Rate | Quotation Second | |
|---|---|---|---|---|---|---|
| | | Quantity | Rate | | Rate | Qty |
| Earthwork in Excavation in Roadway with Excavator machine in Ordinary Soil (OS,HS,BMS) | cum | 11961.625 | 80.75 | 60 | 75 | 39.38 |
| Earthwork in Excavation in Roadway with Excavator machine in Hardrock (excavation with breaker use) | cum | 65.625 | 242.24 | 100 | 0 | 0 |
| Complete box of machine-made gabion for site protection works including filling with stones and supply to the site (Hexagonal Mesh Size: 100mm*120mm, selvedge wire-3.9mm, mesh wire-3mmg &lacing wire-2.4mm all heavy coated) all complete work. | cum | 122.500 | 1397.1 | 3500 | 1200 | 33.75 |
| Stone pitching work on the prepared granular bedding stone soling | cum | 745.500 | 7076.9 | 2200 | 7000 | 65.50 |
| Earthwork in back filling at backside of gabion work with excavated earth with watering and proper compaction work all complete as per specification and instruction. | cum | 73.250 | 4845 | 100 | 4700 | 58.10 |

## ८८ शित भण्डारको लागि जग्गा विकास कार्य कोटेशनवाट

पालिकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ को भेरियशन आदेश सम्वन्धि व्यवस्था रहेको र सम्झौताको वोलपत्र सम्वन्धि कागजातको जि.सि.सि. को ३७.१ अनुसारको निश्चित आइटम तर्फको परिमाणको २५ प्रतिशतसम्म र सम्झौता अंकको २ प्रतिशत लागतसम्म थप कार्य भएमा सम्झौतामा परिवर्तन नगरी सम्झौता अनुसारको दरमा कार्य गराउन सक्ने व्यवस्था रहेको छ । कार्यविधि भन्दा फरक कार्य गरेको अवस्थामा कार्यपालिकाको निर्णयको आधारमा नयाँ कार्यक्रम उल्लेख गरी लागत अनुमानकै हाराहारी दरमा कोटेशनवाट गराई रु. ९,६६,८७४.०० भुक्तानी गरेको उपयुक्त देखिएको छैन । ऐनमा भएको व्यवस्थाको उपयोग गरी मितव्ययी रुपमा सडक निर्माण कार्य गराउनु पर्दछ । उदाहरणको रुपमा मू.अ. कर वाहेक लागत अनुमान रु. ७०७६.९० भएको ग्याविनको कार्य ठेक्का सम्झौतामा रु. ३७००.०० दर रहेकोमा कोटेशनवाट रु. ६८८५.०० दरमा १२४ घनमिटर कार्य गराएको देखिएको छ। ऐनमा भएको व्यवस्थाको उपयोग गरी मितव्ययी रुपमा निर्माण कार्य गराउनु पर्दछ ।

| Descriptions | Unit | Estimated | | Agreement | | Quotation | |
|---|---|---|---|---|---|---|---|
| | | Quantity | Rate | Quantity | Rate | Quantity | Rate |
| Earthwork for levelling of land and foundation of gabion. | cum | 5149.27 | 80.75 | 3644.550 | 80 | 71.25 | 75 |
| Complete box of machine-made gabion for site protection works including filling with stones and supply to the site (Hexagonal Mesh Size: 100mm*120mm, selvedge wire-3.9mm, mesh wire-3mmg &lacing wire-2.4mm all heavy coated) all complete work. | cum | 291.50 | 7076.90 | 312 | 3700 | 124 | 6885 |

## ८९ शित भण्डार निर्माण

प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तीय हस्तान्तरण कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधी, २०८० को दफा ३४ अनुसार १००० क्यारेट क्षमता ५६ लीटर अथवा २० टन क्षमताको कोल्डरुम/पोर्टेवल कोल्ड च्याम्वर निर्माण गर्दा अनुसूचि २१मा संलग्न विस्तृत डिजाइन तथा स्पेशफिकेशन नमुनामा आधारित रही निर्माण गर्नु पर्ने व्यहोरा उल्लेख छ । त्यस्तै संरचना निर्माण गर्दा सरकारी/सहकारी/ सामुदायिक/सार्वजनिक जग्गामा वा निजि जग्गा भएमा २० वर्षेको लागि स्थानीय तहले लिजमा लिएको हुनु पर्ने उल्लेख छ । पालिकाले कार्यविधि अनुसार पोर्टेवल कोल्ड च्याम्वर वनाउनको लागि उपयुक्त जग्गा नि:शुल्क प्राप्त गर्न प्रस्ताव आह्वान नगरेको र डिजाइन तथा

स्पेशिफिकेशन उपयुक्त हुने सरकारी/सहकारी/सामुदायिक/सार्वजनिक जग्गा छनौट नगरी प्राप्त भएको रु. २९ लाख ७५ हजारको चिस्यान घर निर्माण गर्न गाउँपालिकाको वडा नं. ५ पात्लेखर्कमा भिरालो जग्गा प्राप्त भएको उल्लेख गरी लागत अनुमान रु. २८,००,९५३.४९ स्वीकृत गरी वोलपत्र आह्वान गरेको देखियो । वोलपत्र विधिवाट छनौट भएको घटी कवोल गर्ने निर्माण व्यावसायी अविरल कन्सट्रक्सन सप्लायर एण्ड ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि.सँग २०८०।१२।२३ मा रु १६,३३,९३८.०० को जग्गा सम्याउने कार्यको लागि सम्झौता गरी भुक्तानी गरेको देखियो । पहिलो ठेक्का व्यवस्थापन गरी वचत भएको वजेटवाट सोही स्थानमा जग्गा सम्याउने थप कार्य गर्न खुला कोटेशन माग गरी रु. ९,६६,८७४.०० खिजिदेम्वा कन्सट्रक्सन प्रा. लि. लाई भुक्तानी गरेको छ । पालिकाले उपयुक्त जग्गा छनौट नगरी शित भण्डार निर्माण कार्यको लागि प्राप्त अनुदान कार्यविधीले तोकेको भन्दा फरक कार्यमा खर्च गरेको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २६,००,८१२ |

९० **चौरी व्यवसाय प्रवर्द्धन कार्यक्रम**

आर्थिक वर्ष २०८०।८१ को लागि प्रदेश सरकार उद्योग कृषि तथा सहकारी मन्त्रालयवाट स्थानीय तहहरुमा वित्तीय हस्तान्तरण मार्फत सञ्चालन हुने सशर्त अनुदान कार्यक्रम सञ्चालन सम्वन्धि मार्गदर्शनको वुँदा नं. २ अनुसार कार्यक्रम सञ्चालन सम्वन्धमा प्रदेश सरकार, जिल्लामा स्थित कृषि ज्ञान केन्द्र वा भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रसँगको समन्वन्य गरि वुँदा नं. १ अनुसार स्थानीय तहको प्रचलित नियम कानुन अनुसार स्थान तथा सेवाग्राही छनौट गरी गर्नुपर्ने उल्लेख छ । त्यस्तै सोही मार्गदर्शनको कार्यक्रम अनुसारको प्राविधिक मापदण्ड ३ मा भेडा/चौरी/च्याङ्ग्रा प्रवर्द्धन कार्यक्रममा ८ वटा क्रियाकलापमा प्राप्त वजेट कार्यान्वियन उपलव्ध गराउन सक्ने उल्लेख छ । पालिकाले प्रदेश सशर्त तर्फ चौरी व्यावसाय प्रवर्द्धन कार्यक्रममा प्राप्त रु. २० लाख रकम गोश्वारा भौचर नं. १२।०८१।३।२१ वाट निम्नानुसार ८ वटा फर्मले याक तथा चौरीको बाच्छा खरिद र गोठ तथा घुम्ति गोठ सुधार गरेको विल भरपाई पेश गरेको आधारमा नगद अनुदान उपलव्ध गराएको छ । पालिकाले अनुदान उपलव्ध गराउने सम्वन्धी कार्यविधि निर्माण नगरेको, अनुदान उपलव्ध गराउदा सम्भावित लाभग्राहीको छनौट सम्वन्धी प्रस्ताव आह्वान नगरेको, तोके अनुसार प्रदेश कार्यालयसँग समन्वय नगरेको र मार्गदर्शनको प्राविधिक मापदण्डमा उल्लेखित गोठ सुधार र व्याड चौरी वितरण भन्दा अन्य क्षेत्रमा अनुदान उपलव्ध गराएको अवस्था छ । उल्लेखित मापदण्डले तोकेको भन्दा भिन्न कार्यमा खर्च गरेको अवस्थाले मार्गदर्शनको अपेक्षित उपलव्धी प्राप्त नहुनुका साथै पारदर्शी रुपमा, दीगो सञ्चालन र योग्य अनुदानग्राहीहरु समावेश भएको सुनिश्चितता भएको छैन । पालिकाले अनुदान खर्चको उपलव्धी दीगो, खर्च मितव्ययी र वितरण प्रणाली पारदर्शी हुने गरी मापदण्ड तयार गरेर मात्र कार्यक्रम कार्यान्वियन गर्नु पर्दछ।

| क्र.सं. | अनुदान पाउनेको नाम र प्यान नं. | कामको विवरण | पेश खर्च | अनुदान रकम |
|---|---|---|---|---|
| १ | कृषि तथा चौरी उत्पादन विक्री फार्म- १४४४१८०९३ | गोठ सुधार कार्य गरेकोमा खरिद भरपाई समावेश | २६०००० | १९५००० |
| २ | डावाङ कृषि तथा चौरी फार्म- १४४४१८०४८ | पिके हिमाली याक तथा चौरी फार्मवाट १३ वटा चौरी रु. ३४ हजार दरले खरिद गरेको भरपाई समावेश | ४४२००० | २७५८५७ |
| ३ | जाङ्वु कृषि तथा चौरी फार्म- १४४४१७७३३ | कृषि तथा चौरी उत्पादन विक्री फार्मवाट १३ वटा चौरी रु. ३४ हजार दरले खरिद गरेको भरपाई समावेश | ४६२००० | २७५८५७ |
| ४ | दावा कृषि तथा चौरी फर्म- १४४४१८०३५ | पिके हिमाली याक तथा चौरी फार्मवाट ९ चौरी वाच्छा, १ व्याड याक खरिद भरपाई समावेश | ३८६५०० | २७५८५७ |
| ५ | पेम्बा कृषि तथा पशुपंक्षी फर्म- ६१३८०७३२० | दिमिल जडिवुटी उत्पादन फर्मवाट १७ वटा चौरी रु. ३३ हजारका दरले खरिद गरेको भरपाई समावेश | ५६१००० | २७५८५७ |
| ६ | पासाङ लेकी कृषि तथा चौरी फार्म- १४४४१८२६० | दिमिल जडिवुटी उत्पादन फर्मवाट १५ वटा चौरी रु. ३२ हजारका दरले खरिद गरेको भरपाई समावेश | ४८०००० | २७५८५७ |
| ७ | माया चौरी फार्म- १४४४१८२९९ | कृषि तथा चौरी उत्पादन विक्री फार्मवाट १५ वटा चौरी रु. ३३००० मा खरिद विल भरपाई पेश | ४९५००० | २७५८५७ |
| ८ | राम्दिङ कृषि तथा चौरी फार्म- ६०८६९८६५४ | दिमिल जडिवुटी उत्पादन फर्मवाट १६ वटा चौरी रु. ३२५०० मा खरिद भरपाई पेश समावेश | ५२०००० | २७५८५७ |
| | | **जम्मा** | | **२००००००** |

९१ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत रु ६७८२८००।– वजेट स्वीकृत भई पालिका अन्तर्गत ८ वडामा ३४ योजना सञ्चालन गरी यस वर्ष १६९ जनालाई औसत ५० दिनले ८४४५ दिन रोजगारी उपलव्ध गराई रु. ५८८५८२७ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

९२ **प्रमाण पेश हुनुपर्ने**

प्रदेश आर्थिक कार्यविधी नियमावली २०७६ को दफा मा स्वीकृत वजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नु व्यवस्था छ। कार्यालयले अपाङ्गगता रोकथाम तथा पुनस्थापना कार्यक्रममा गो भौ १५।२०८१।२।३० बाट डेल ल्यापटप 8 gb सेट ४ वटा , मोवाईल सेट ३ वटा , पेनड्राईभ ३२ gb ३ वटा जम्मा रु ३३००००।मा खरिद गरेको छ।यसरी खरिद गरेको सामाग्री स्पेशिफिकेशन ,मूल्य आदि विवरण खूल्नेगरि जिन्सि आम्दानी जनाई सम्वन्धितलाई वुझाएको रेकर्ड सहायक रजिष्टर खडा गरि राख्नु पर्नेमा सो भएको नदेखिएको प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,३०,००० |

९३ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले उक्त प्रक्रिया नगरि रु.१४९२८७६। का विभिन्न औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको थप व्यहोराहरु निम्नानुसार छनः

• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको।

• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टीफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको।

• आपूर्ति भएका औषधी एवम् सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको जाँच गरि नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।

• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको अलग अलग खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको।

• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट परिमाण जिन्सीबाट घटाउने गरेको।

## ९४ विऊ पूजि अनुदान

अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रमको व्यवस्था वमोजिम बिऊपूजी सञ्चालन कार्यविधी वेगर गो भौ २६।२०८१।३।७ बाट प्रत्येक वडाका एक एक वटा गरि जम्मा ८ वटा मिलिजूलि समूहलाई ५००००।– का दरमा रु ४०००००।– विऊ पूँजी प्रदान गरेको छ।यसरी प्रदान गरेको विऊ पूँजि परिचालन सम्वन्धमा व्यवस्थित कार्यविधी वनाई कार्यक्रम दिगोपन हुने गरि उक्त कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

## ९५ सामाजिक सुरक्षा तर्फ वढी निकासा

सामाजिक सुरक्षा भत्ता वितरणको कार्यविधि २०७७ ले लाभग्राहीको नाम दर्ता र नविकरण, लगत कट्टा तोकिएको मिती भित्रै परिचयपत्र अनिवार्य रुपमा नविकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने,प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको सँख्या एकिन गर्नुपर्ने व्यवस्था रहेको छ।परिक्षण गरिएका वडाका आधारमा मृत्यू भएका लाभग्राहीलाई वढी खर्च लेखेको देहायको रकम असूल गरि सँधिय सञ्चित कोष दाखिला गर्नुपर्ने रु

| लाभग्राही | वडा न | म मृत्यू विवरण | ना न | त्रैमासिक | जम्मा रकम रु |
|---|---|---|---|---|---|
| होम वहादुर वस्नेत | ८ | २०८०।८।८ | २००/६१६ | दोस्रो,तेस्रो र चौथो | २६९३३ |
| ओड्छु शेर्पा | ८ | २०८०।११।१८ | ३९९ | तेस्रो र चौथो | १७६०० |
| विष्णुमाया कार्की | ७ | २०७९।१२।२७ | ५०/३५१ | पहिलो,दोस्रो , तेस्रो | ३०२६७ |
| कटक वहादुर सुनुवार | ७ | २०८०।४।२७ | ४५३०५ | पहिलो,दोस्रो,तेस्रो र चौथो | ४८००० |
| इन्द्र माया सुनुवार | ५ | २०८०।११।७ | ७२५।१५१० | तेस्रो र चौथो | १९०६७ |
| शान्त कुमारी श्रेष्ठ | ३ | २०७८।८।११ | नखुलेको | पहिलो,दोस्रो,तेस्रो र चौथो | ४८००० |
| जम्मा | | | | | १८९८६७ |

| असुल गर्नुपर्ने | १,८९,८६७ |
|---|---|

## ९६ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा गरेको खर्चका तुलनामा आन्तरिक

आयको स्थिति देहाय बमोजिम छ ।

| कुल खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३६,६५,६८,७९०.९८ | ३५,०१,२४८.४८ | ०.९५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.९५ प्रतिशत मात्र रहेको छ । पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ९७ आय अनुमान तथा असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाको आन्तरिक आयको अनुमान तथा असुलीको अवस्था देहायअनुसार छ ।

| क्र.सं. | राजस्व शिर्षक | अनुमान | असुली |
|---|---|---|---|
| १ | ११३१४ -भुमिकर/मालपोत | ४००००००. | १९४४७०२.८ |
| २ | ११३१५ - घरजग्गा रजिष्ट्रेशन दस्तुर | ० | २००. |
| ३ | ११३१७ - वहाल कर | ३०००००. | ३२३१२८.७२ |
| ४ | ११३१८ - वहाल विटौरी कर | ० | ४४. |
| ५ | ११६११ - व्यवसायले भुक्तानी गर्ने | ० | १३,०००.०० |
| ६ | ११६२१ - व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ० | १५०. |
| ७ | ११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १००००००. | २५३४८३.७४ |
| ८ | ११६९१ - अन्य कर | २५०००००. | ३२८२८९.०८ |
| ९ | १४२२४ - परीक्षा शुल्क | ३०००००. | २,४००.०० |
| १० | १४२४३ - सिफारिश दस्तुर | ५०००००. | २३००००. |
| ११ | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ५०००००. | १७१८००. |
| १२ | १४२४५ - नाता प्रमाणित दस्तुर | ५०००००. | १४,९००.०० |
| १३ | १४२४९ - अन्य दस्तुर | ३८८००००. | १६,५००.०० |
| १४ | १४२६५ - अन्य क्षेत्रको आय | ० | ११७३४८. |
| १५ | १४३११ - न्यायिक दण्ड, जरिवाना र जफत | १०००००. | ० |
| १६ | १४५२१ - प्रदुषण नियन्त्रण शुल्क | ० | १००. |
| १७ | १४५२९ - अन्य राजस्व | ३००००००. | ९,४५०.१४ |
| १८ | १४६११ - व्यवसाय कर | ५०००००. | २४,०००.०० |
| १९ | १५१११ - बेरूजू | २००००००. | ५१,७५२.०० |
| **जम्मा** | | **१९०८००००.** | **३५०१२४८.४८** |

पालिकाको गाउँ सभा २०८० ले आन्तरिक श्रोततर्फ रु. १ करोड ९० लाख ८० हजार आय हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. ३५,०१,२४८.४८ (१८.३५ प्रतिशत मात्र) आय प्राप्त गरेको छ । आन्तरिक आम्दानीका श्रोतहरु लाई पहिचान गरि सबै

शिर्षकलाई समावेश गरि वार्षिक लक्ष्य अनुमान गरि आन्तरिक आम्दानी गर्नुपर्दछ ।

### ९८ राजश्व अभिलेख

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको पाईएन । कार्यालयमा प्राप्त हुनुपर्ने सबै राजस्व प्राप्ति भई कानुनी प्रकृया पुरा गरी समयमै दाखिला भएको छ भन्ने अवस्था रहेन । पालिकाले प्रकृयामा सुधार गरी राजश्व आम्दानी व्यवस्थित हुनु पर्दछ । पालिकाबाट यस वर्ष आन्तरिक आय रु.३५,०१,२४८.४८ प्राप्त गरेकोमा सेवा प्रवाहसँग भिडान हुने गरी राजश्व सम्वन्धि म.ले.प. फा. नं. नराखेको र प्राप्त आम्दानी तथा प्राप्त हुनुपर्ने आम्दानी सम्बन्धमा परीक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण पद्धति नभएकोले प्राप्त हुनुपर्ने रानश्व सम्बन्धमा यकिन हुन सकिने अवस्था छैन ।

### ९९ राजस्व दाखिला

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **१८,७२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

### १०० फरक शिर्षकमा दाखिला

एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा आय र ब्ययको बर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले यस वर्ष विभिन्न राजश्व शिर्षकमा रु. १९,०८,०००।०० आय अनुमान गरि आन्तरिक राजश्वको कारोवार गरेको छ। पालिकामा कुल प्राप्त आम्दानी रु. ३५,०१,२४८।४८ लाई सम्वन्धित आर्थिक सँकेत भन्दा फरक राजश्व सँकेतमा दाखिला गरेको पाईयो । यसवाट राजश्व आयव्यय विवरणले आम्दानीको यथार्थ अवस्था देखाएको छैन । पालिकाले आर्थिक संकेत र वर्गीकरण, २०७४ अनुसार आय अनुमान तथा असुली गरी राजस्व कारोवार व्यवस्थित गर्नुपर्दछ ।

### १०१ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले व्यवसाय कर संकलन गरेको अध्यावधिक विवरण पेश गरेको छैन । पालिकाको क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

### १०२ सामुदायिक वनबाट आय

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन ।

### १०३ हेभी ईक्वीपमेन्टको आय स्थिति

पालिकाले आफ्नो नाममा रहेको स्काभेटर, ब्याकहो लोडर जस्ता हेभि मेशीनहरुको उपयोग तथा दीगो व्यवस्थापन को लागि कार्य सञ्चालन सम्बन्धी कार्यविधि तयार गरी सेवा प्रवाहका साथ आय आर्जन समेत हुने गरी सञ्चालन गर्नु पर्दछ। पालिकाले खरिद गरेको एक ब्याकहो लोडर सञ्चालनमा रहेको छ । पालिकाले लगबुक भरेको आधारमा २१३६.९ घण्टा ब्याकहो लोडर सञ्चालन भएको विवरण पेश भएको छ । लगबुकबाट मेसिन कुन योजनामा प्रयोग भएको हो, सो को आदेश कसले दिएको हो खुल्न आएन । यस पालिकाले यस वर्ष पालिका स्तरीय सडक मर्मत तथा सरसफाईको लागि पूँजिगत खर्च शिर्षकमा रु. २५ लाख विनियोजन गरी रु. २२,५७,१९८.०० इन्धन खर्च गरेको देखियो । पालिकाले लगवुक समावेश गरी ईन्धन खर्च गरेकोमा भौतिक कार्य र लगवुक भिडान हुने गरी प्राविधिक

पुष्ट्याई समावेश भएको देखिएन । त्यस अतिरिक्त पालिकाले यस वर्ष ब्याकहो लोडर मर्मतमा रु. १३,४३,४३२।०० खर्च गरेको छ । पालिकाको हेभि मेशीनरी सञ्चालन खर्च वृद्धि हुँदै गरेको भएतापनी सो उपकरणबाट आम्दानी न्यून भएको पाइयो । तसर्थ पालिकाले हेभि मेसिनको दीगो व्यवस्थापन तथा सञ्चालन गर्न कार्यविधि बनाई सोबाट आय आर्जन गर्ने व्यवस्था गर्नुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : खिजीदेम्वा गाउँपालिका, ओखलढुंगा , खिजीदेम्वा गाउँपालिका , ओखलढुङ्गा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रमुख प्रशासकीय अधिकृत श्री डम्बरबहादुर रजनमगर | २०८०-४-१ | २०८०-६-२२ |
| कार्यालय प्रमुख | श्री रमेश सुनुवार | २०८०-६-२२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | श्री दिपक घिमिरे | २०८०-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६९२,५२९ | १३,७९०,०७४ | २,१२१,३०६ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १६,६०३,९०९ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २४३,०६१ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १६,३६०,८४८ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १४६०३७७८.४७ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २५३८२३४०८ | चालु खर्च | २४८४३३२९४ |
| प्रदेश सरकारबाट अनुदान | २०७१४७६२ | पूँजीगत खर्च | १०५२७७४४८ |
| राजश्व बाँडफाँट | ७३५५९२४९.४२ | वित्तीय/अन्य व्यवस्था | १२८५८०४८.९८ |
| आन्तरिक आय | ३५०१२४८.४८ | | |
| अन्य आय | १०००२९६९३.५४ | | |
| कुल आय | ४५१६२८३६१.४४ | कुल खर्च | ३६६५६८७९०.९८ |
| बाँकी मौज्दात | | ९९६६३३४८.९३ | |

## अनुसूची - २

## बेरूजु दफा ७३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| गो भौ नं र मिति | बजेट उपशीर्षक | आपूर्तक | खर्च विवरण | खरिद रकम |
|---|---|---|---|---|
| ५५-०८०।१०।२३ | गाउँपालिका पुंजीगत | भवानी ट्रेडिङ्ग एण्ड कम्पनी प्रा.लि. | खानेपानी पाइप तथा त्रिपाल खरिद | ९९९८८० |
| १०४-०८१।२।३२ | गाउँपालिका पुंजीगत | भवानी ट्रेडिङ्ग एण्ड कम्पनी प्रा.लि. | खानेपानी पाइप खरिद | १३८३१२ |
| ११३-०८१।३।१२ | गाउँपालिका पुंजीगत | बि आर्क इन्जिनियरिङ सर्भिसेस प्रा.लि. | भवन परिसरमा ट्रस भवन निर्माण | १९१८४६ |
| ३६-०८१।३।२३ | संघीय सर्शत पुंजीगत | बि आर्क इन्जिनियरिङ सर्भिसेस प्रा.लि. | पाँच शैयाको अस्पताल भवन निर्माण | ९६५०३३ |
| १४८-०८१।३।२३ | गाउँपालिका पुंजीगत | बि आर्क इन्जिनियरिङ सर्भिसेस प्रा.लि. | वडा कार्यालयहरुमा ग्रिल व्यवस्थापन | ३३८३९० |
| १८-०८१।३।२० | प्रदेश सर्शत पुंजीगत | साँघुटार खड्का कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. | धारापानी ताउर छेर्मादिङ्ग टुक्सिन्दोक झाप्रे सडक स्तरोन्नती | ६३३९९९ |
| १३४-०८१।३।२० | गाउँपालिका पुंजीगत | साँघुटार खड्का कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. | धारापानी ताउर छेर्मादिङ्ग टुक्सिन्दोक झाप्रे सडक स्तरोन्नती कोटेशन | ३३६३७७ |
| २५-०८१।३।२३ | प्रदेश सर्शत पुंजीगत | साँघुटार खड्का कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. | साझावारी चण्डीथान चुली महविर मोलुङ गापा जोड्ने सडक स्तरोन्नती | ६३३१६६ |
| १५०-०८१।३।२४ | गाउँपालिका पुंजीगत | साँघुटार खड्का कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. | साझावारी चण्डीथान चुली महविर मोलुङ गापा जोड्ने सडक स्तरोन्नती | ३४०९३६ |
| १९५-०८१।१।१२ | गाउँपालिका चालु | आर्या जनरल सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्री | १३२८५९ |
| १८७-०८०।१२।१२ | गाउँपालिका चालु | आर्या जनरल सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्री | ४१७३०९ |
| १९१-०८१।।३।२१ | संघीय सर्शत चालु | आर्या जनरल सप्लायर्स | स्यानिटरी प्याड खरिद | ८४४३९२ |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुन्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।